"स्वच्छ, शान्त, समृद्ध, पर्यटकीय नगर बुढानीलकण्ठ"

# वार्षिक नीति तथा कार्यक्रम

## आ.व. २०८१/०८२


# बुढानीलकण्ठ नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

हात्तीगौँडा, काठमाडौं

बागमती प्रदेश, नेपाल

# बुढानीलकण्ठ नगरपालिका




**Legend**

- Municipality Boundary
- Ward Boundary
- Surrounding Municipality

Wardwise Area(in sq. km)

| Ward No | 1 | 2 | 3 | 4 | 5 | 6 | 7 | 8 | 9 | 10 | 11 | 12 | 13 |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| Area | 4.67 | 1.60 | 4.24 | 1.97 | 7.77 | 1.31 | 0.88 | 3.43 | 0.68 | 0.89 | 3.42 | 0.34 | 3.60 |

Data Source: Government of Nepal, Survey Department


हात्तीगौँडा, काठमाडौं
बागमती प्रदेश, नेपाल

टेलिफोन नं. ०१-४३७२७२५
Email: budhanilkanthamun@gmail.com
Website: www.budhanilkanthamun.gov.np

*“स्वच्छ, शान्त, समृद्ध, पर्यटकीय नगर बुढानीलकण्ठ”*

# बुढानीलकण्ठ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## हात्तीगौंडा, काठमाडौं

## बागमती प्रदेश, नेपाल

# वार्षिक नीति तथा कार्यक्रम

# आ.व. २०८१/०८२

**आदरणीय नगर सभा सदस्यहरू तथा आमन्त्रित सम्पूर्ण अतिथि महानुभावहरू**
**हार्दिक अभिवादन !**

नेपालको संविधान बमोजिम स्थानीय तहको सरकार सञ्चालनमा हामी दोस्रो कार्यकालको तेश्रो वर्षमा प्रवेश गरिरहेका छौं । यस हिसाबले हामी नगरसभाको १४ औं अधिवेशनमा छौं । १४ औं अधिवेशनको यो गरिमामय अवसरमा हामी सम्पूर्ण नगरसभा सदस्यहरुलाई हार्दिक स्वागत गर्न चाहन्छौं ।

स्थानीय तहको निर्वाचनबाट हामीलाई मतदान मार्फत निर्वाचित गर्नुहुने आदरणीय बुढानीलकण्ठ नगरबासी आमा, बुबा, दाजु भाई तथा दिदीबहिनीहरु सबैमा हार्दिक धन्यवाद एवं आभार व्यक्त गर्दछु । यस अवसरमा म नेपालको सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना र स्वशासनको लागि नेपाली जनताले गर्दै आएका जनआन्दोलनहरुमा सहादत प्राप्त गर्नुहुने सम्पूर्ण सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

नागरिकहरुका घरदैलोमै रहेको स्थानीय सरकारको हैसियतले आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम यस गरिमामय नगरसभामा प्रस्तुत गर्न पाउदा मलाई गौरवको अनुभूति भइरहेको छ । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाले बनाएको संघ, प्रदेश र स्थानीय सरकार अन्तर्गत जनतासँग प्रत्यक्ष सम्बन्ध राख्ने आर्थिक, सामाजिक, भौतिक, साँस्कृतिक र कानूनी जनजिवीकाका सवालहरुलाई संरक्षण, प्रर्वद्धन र रुपान्तरण गर्ने जिम्मेवारीका साथ हामी स्थानीय सरकार सञ्चालनमा छौं । विभिन्न क्षेत्रका सरोकरवालाहरुसँगको परामर्श तथा छलफल गरी निजहरुबाट प्राप्त सुझावहरुलाई एकीकृत गरी आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम तयार पारेका छु । यसरी सुझाव दिनुहुने सम्पूर्ण नगरवासीहरु प्रति हार्दिक आभार व्यक्त गर्न चाहान्छु ।

संघीय राजधानीमा अवस्थित बुढानीलकण्ठ नगरपालिकाको विकास, सुधार र समृद्धिका लागि नेपालको संविधान तथा संघ, प्रदेश र स्थानीय कानूनद्वारा प्रदत्त हक

अधिकारको उपभोग गर्न तथा कानूनतः निर्देशित काम, कर्तब्य र दायित्व निर्वाह गर्न हामी प्रतिबद्ध छौं । बुढानीलकण्ठको इतिहास, संस्कृति, सम्पदा र सभ्यताको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गर्नु हाम्रो पहिलो कर्तब्य हुन आएको छ । धार्मिक, सांस्कृतिक एवम् प्राकृतिक सम्पदामा आधारित पर्यटन बुढानीलकण्ठ नगरपालिकाको सम्भाव्यको पहिलो क्षेत्र हो। स्वच्छ, शान्त, हरियालीयुक्त पर्यावरण विकास गरी बुढानीलकण्ठलाई बस्न योग्य नगर बनाउने हाम्रो ध्येय रहेको छ। यसको लागि सुव्यवस्थित पूर्वाधार विकास मार्फत सभ्य र सुरक्षित आवास क्षेत्र निर्माण गर्नुपर्ने हाम्रो लक्ष्य रहेको छ । सेवाग्राहीले सरल र सहज तरिकाले सेवा प्राप्त गर्ने हक सुनिश्चित गर्न सूचना र प्रविधिको उच्चतम प्रयोग गर्न पाउने व्यवस्था सहज गराउनु भन्ने हाम्रो उद्देश्य हो ।

आन्तरिक सुशासन र सवल प्रशासनको विकासबाट हामीले अख्तियार गरेको नीति तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन हुने भएकाले यो नीति तथा कार्यक्रम त्यसतर्फ नै निर्देशित रहेको छ । जनतासंग प्रत्यक्ष सम्बन्ध र सम्पर्क रहने वडा कार्यालयहरुको क्षमता विकास, श्रोत साधनमा वृद्धि र प्रणालीको विकास गर्ने नीति अवलम्बन गर्ने प्रस्ताव गरिएको छ । त्यसैगरी जनस्वास्थ्य, शिक्षा, उद्यमशीलता, पर्यटनको प्रर्वद्धन, सामाजिक बिकास, युवा तथा खेलकुद, भौतिक पूर्बाधार विकास, खानेपानी व्यवस्थापन तथा सरसफाई, विपद ब्यवस्थापन, न्याय निरुपण जस्ता बिषयगत क्षेत्रहरु तर्फ पनि विशेष नीति तथा कार्यक्रम प्रस्ताव गरेका छौं ।

नगरको स्वास्थ्य सेवाको गुणस्तर र नागरिक पहुँचमा बढोत्तरी ल्याउने लक्ष्य सहित स्वास्थ्य क्षेत्रलाई हामीले पहिलो प्राथमिकतामा राखेका छौं । नागरिकका माग र आवश्यकता अनुरुप गुणस्तरीय पूर्वाधारको विकास र संरक्षण लगायतका नियमित कार्यहरु जारी रहेका छन् । सामाजिक, आर्थिक र प्राविधिक विकासको क्षेत्र हाम्रो क्रमशः प्राथमिकताका क्षेत्रहरु हुन् । स्वास्थ्य, खानेपानी, सुरक्षित सडक, स्वच्छ वातावरण, कृषि, औद्योगिक तथा घरेलु उत्पादन, त्यसको भण्डारण तथा समुचित बजारको व्यवस्थापन, फोहोरमैला व्यवस्थापन, विभेद तथा हिंसामुक्त समाज निर्माण र सुशासन हाम्रा आवश्यकता र प्राथमिकताका विषयहरु हुन् । अतः यिनै महत्वपूर्ण विषयमा केन्द्रित आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम यहाँहरुका सामु

प्रस्तुत गरेका छौं । प्रस्तावित नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न आम नगरवासी तथा सबै पेशा, व्यवसायमा आबद्ध महानुभावहरुको सहयोग, समन्वय र सहकार्य यथावत रहने छ भन्ने हामीलाइ पूर्ण विश्वास छ ।

**आदरणीय नगरसभा सदस्यहरू**

**आ.व.२०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका आधार र प्राथमिकताहरु निम्नअनुसार निर्धारण गरेको छु ।**

## क. नीति तथा कार्यक्रम तर्जुमाका आधार

१. संविधानले स्थानीय सरकारलाई सुम्पिएका दायित्व, राज्यको मूल नीति तथा निर्देशक सिद्धान्त, मानव अधिकारका सवाल एवम् नागरिकको मौलिक हकको प्रत्याभूति
२. नेपाल सरकार तथा बागमती प्रदेश सरकारले अवलम्वन गरेका आर्थिक तथा वित्तिय नीति
३. नेपाल सरकारले प्रतिवद्धता जनाएको दिगो विकासको लक्ष्य
४. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (संशोधन सहित)
५. संघीय तथा बागमती प्रदेश सरकारबाट प्राप्त बजेटका साथै बजेट तर्जुमा गर्दा अनुसरण गर्नुपर्ने मार्गदर्शन
६. नगरपालिकाले स्वीकृत गरेका विभिन्न नीति, कार्यविधि, ऐन र नियमावलीहरु
७. नगरपालिकाको दीर्घकालिन सोच एवं आवधिक योजना, मध्यकालिन खर्च संरचना (MTEF) र राजस्व सुधार कार्ययोजनाको प्रतिवेदन
८. राजस्व परामर्श समितिको प्रतिवेदन
९. स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको श्रोत तथा बजेट अनुमान
१०. बजेट तथा योजना तर्जुमा समितिले गरेका सिफारिस
११. नगरपालिकाका विभिन्न विषयगत समितिका प्रतिवेदन
१२. गत वर्ष सम्पन्न भएका नगरसभा बैठकका निर्णयहरु
१३. नगरकार्यपालिकाले योजना तर्जुमाका लागि लिएका आधार
१४. विभिन्न विषयमा विज्ञहरुसँग छलफल गर्दा प्राप्त भएका सुभाव

१५. महाशाखा तथा शाखा एवम् सम्वन्धित विज्ञहरुबाट प्राप्त राय सल्लाह र सुझाव
१६. अन्य स्थानीय तहहरुले अवलम्बन गरेका असल अभ्यास, नीति तथा कार्यक्रम

## ख. नीति तथा कार्यक्रमका प्राथमिकता क्षेत्र

१. गुणस्तरीय स्वास्थ्य सेवा तथा शिक्षा
२. फलदायी दिगो पूर्वाधार निर्माण तथा सन्तुलित विकास
३. सूचना प्रविधि र तिनको अधिकतम उपयोग
४. आर्थिक विकास र राजस्व परिचालन
५. पर्यटन क्षेत्रको विकास र प्रवर्द्धन
६. खानेपानी श्रोतको संरक्षण तथा व्यवस्थापन
७. सार्वजनिक जग्गाको संरक्षण
८. प्रशासनिक पुनर्संरचना तथा संस्थागत सुशासन
९. भाषा, सस्कृति,कला, साहित्यको संरक्षण, प्रवर्द्धन र विकास
१०. उद्यम, स्वरोजगारी र सहकारीताको विकास
११. युवा शक्ति तथा खेलकुदको प्रवर्द्धन
१२. कृषि तथा पशुपक्षी क्षेत्रको व्यवसायिक विकास, उत्पादकत्वमा अभिवृद्धि, बजारीकरण तथा व्यवसायिकीकरण
१३. वन तथा वातावरण संरक्षण, फोहोरमैला तथा विपद् व्यवस्थापन
१४. जनसंख्यिक लाभको उच्चतम उपयोग र समावेशीकरण तथा सिमान्तकृत समुदायको मूलप्रवाहीकरण

**आदरणीय नगरसभा सदस्यहरू**

**"विद्युतीय शासन, छिटो छरितो र नतिजामुखी बुढानीलकण्ठ प्रशासन"** को सङ्कल्पसहित नगरपालिकाको आ.ब. २०८१/०८२ नीति तथा कार्यक्रमहरू प्रस्तुत गर्न चाहन्छु ।

# १. सामाजिक विकास

## क. स्वास्थ्य

नेपालको संविधानले प्रत्येक नागरिकलाई राज्यवाट आधारभूत स्वास्थ्य सेवा निशुल्क प्राप्त गर्ने एवं स्वास्थ्य सेवामा समान पहुँचलाई नागरिकको मौलिक हकको रुपमा प्रत्याभूत गरेको छ । नागरिकलाई स्वस्थ बनाउन नगरपालिकाले संघ, प्रदेश सरकारसँग समन्वय र सहकार्य गर्दै स्वास्थ्य क्षेत्रमा लगानी वृद्धि गर्ने एवं गुणस्तरीय सर्वसुलभ स्वास्थ्य सेवामा समान पहुँच स्थापित गर्नु सबैको स्वस्थ जीवनको प्रत्याभूति गर्नुका साथै दिगो विकास सुनिश्चित गर्नुपर्ने कानूनी दायित्व पुरा गर्ने नीति लिइएको छ। साथै महिलाहरुको प्रजनन अधिकार थप सुदृढ गरी सेवाको पहुँच तथा उपभोगमा वृद्धि ल्याउनका लागि प्रभावकारी नीति तथा कार्यक्रमहरु अवलम्बन गरिने छ ।

१. बालुवाखानी स्थित नगर अस्पताललाई नागरिक अस्पतालको रुपमा विकास गरी सहज, सरल, प्रविधिमैत्री एवं सर्वसुलभ रुपमा आधारभूत गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने व्यवस्था मिलाइने छ ।

२. नगर अस्पताल लगायत स्वास्थ्य चौकीहरुको पूर्वाधार, औषधी तथा उपकरणको व्यवस्था र संस्थागत सुधार गरी आधारभूत गुणस्तरीय स्वास्थ्य सेवामा सबैको सहज पहुँच हुनेगरी प्रभावकारी सेवा उपलव्ध गराइने छ ।

३. स्वास्थ्य वीमा कार्यक्रमलाई प्रभावकारी रुपमा लागू गरिने छ । साथै वीमितहरुको संख्यामा बृद्धि गर्ने खालका समुदाय स्तरमा जनचेतना फैलाउने कार्यक्रम सञ्चालन गरिने छ । मिति २०८१ भाद्र १ गते देखि स्वास्थ्य वीमा सेवा पूर्ण रुपमा कार्यान्वयनमा ल्याइनेछ ।

४. विपन्न नागरिकहरुको वीमाको लागि नगरपालिकाको तर्फवाट विमित गर्ने व्यवस्था निःशुल्क रुपमा मिलाइने छ ।

५. नसर्ने रोगको प्रकोपको न्यूनीकरणका लागि स्वास्थ्य प्रवद्र्धनात्मक सेवामा विशेष जोड दिइनेछ । यसका लागि निदानात्मक र उपचारात्मक सेवा विस्तार गरिनेछ ।

६. जेष्ठ नागरिक, अपाङ्गतारसुस्त मनस्थिति भएका व्यक्ति, महिला तथा बालबालिकाहरुका लागि विशेष कार्यक्रम ल्याईनेछ ।

७. बर्थिङ्ग सेन्टरलाइ स्तरीकरण गर्दै गर्भवती आमालाइ निःशुल्क Ultra Sound र गर्भ परीक्षण गर्ने कार्य प्रभावकारी बनाइनेछ ।

८. नगर अस्पताल र नगर भित्रका बर्थिङ्ग सेन्टरमा सुत्केरी भएका महिलालाई गुणस्तरीय न्यानो प्रसूति झोला र जनही रु. ३१००।– (तिन हजार एक सय मात्र) प्रसूति पोषण भत्ता उपलब्ध गराइनेछ ।

९. प्रत्येक वडाहरुमा किशोर किशोरी, नवदम्पतीहरुको लागि विशेष स्वास्थ्य प्रवर्द्धन कार्यक्रम लागू गरिने छ ।

१०. नगर क्षेत्र भित्र बसोबास गर्ने नागरिकहरुलाई वडाको सिफरिशको आधारमा निःशुल्क रक्त सेवा उपलब्ध गराउने व्यवस्थाको लागि नेपाल रेडक्रस सोसाइटी काठमाडौसँग सहकार्य गरिनेछ ।

११. सवै वडामा लागु औषध, अल्कोहल तथा दुर्व्यसन विरुद्ध रोकथाम, नियन्त्रण तथा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

१२. पूर्ण खोप शुनिश्चतताका साथै दिगोपन कायम गरिनेछ ।

१३. विभिन्न पेशागत व्यवसायमा कार्यरत श्रमिकलाई पेशागत स्वास्थ्य प्रवर्द्धन तथा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

१४. आयुर्वेद तथा बैकल्पिक चिकित्सा सम्वन्धी विविध विषयमा जनचेतना फैलाई अव्यवस्थित जीवनशैली परिवर्तन गराई स्वास्थ्य नागरिक विकास गर्न नागरिक आरोग्य केन्द्र मार्फत वडामा विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ।

१५. मनोसामाजिक स्वास्थ्य तथा मनोविमर्श सेवालाई विस्तार तथा सुदृढीकरण गरिने छ ।

१६. नगरवासीको **स्वास्थ्य सुरक्षा**का लागि शहिद गंगालाल हृदय रोग केन्द्र लगायतका विशेषज्ञ अस्पतालहरुसँग सेवा सहकार्य गरिनेछ ।

१७. महिला समुदायिक स्वास्थ्य स्वयम्सेविकाको कार्य तथा भूमिकालाई प्रोत्साहन गरिनेछ । १५ वर्ष सेवा पुरा गरिसकेका तथा ६० वर्ष उमेर पुगेकाहरुलाई वडाको सिफारिशको आधारमा सम्मानपूर्वक विदाई गरिनेछ।

१८. ६८ वर्ष माथिका उमेर समूहलाई सुगर र उच्च रक्तचापको परिक्षण नगर अस्पतालमा निःशुल्क गराई उपचारको व्यवस्था मिलाइनेछ ।

१९. ७५ वर्ष माथिका जेष्ठ नागरिकहरुको लागि निःशुल्क आँखा जाँच तथा मोतिबिन्दुको अपरेसन गरिने व्यवस्था मिलाइने छ ।

२०. ८० वर्ष उमेर नाघेका जेष्ठ नागरिकका लागि **Hearing Aid** को निःशुल्क व्यवस्था मिलाइनेछ ।

२१. वालवालिकाको स्वास्थ्य प्रवर्द्धन, रोग निदान तथा नसर्ने रोगको रोकथाम एवं अनुसन्धानात्मक कार्य साझेदार संस्थाको सहकार्यमा गरिनेछ ।

२२. प्रत्येक वडाको **Digitalized Family Health Profile** तयार गरिनेछ । सोहि **Profile** का आधारमा स्वास्थ्य सम्बन्धी योजना तर्जुमा गर्ने व्यवस्था मिलाइनेछ ।

२३. स्वस्थकर खाद्य पदार्थ खरिद तथा बिक्रि वितरण नीतिको कार्यान्वयन प्रकृयालाई अगाडि वढाउन सुपरिवेक्षण अनुगमन कार्य प्रभावकारी बनाइनेछ ।

२४. नगर क्षेत्र भित्र स्थायी रुपमा वसोवास गर्ने आर्थिक रुपमा विपन्न जलन भएका बिरामीहरुको निःशुल्क उपचार व्यवस्थापन गरिनेछ ।

२५. क्षयरोगमुक्त नगरपालिका बनाउनका लागि जनस्वास्थ्यका विभिन्न कृयाकलाप व्यापक रुपमा सञ्चालन तथा परिचालन गरिनेछ ।

२६. सामुदायिक विद्यालयहरुमा स्कुल स्वास्थ्य कार्यक्रम सहकार्यमूलक विधिमा सञ्चालन गरिनेछ ।

२७. नगरपालिका अन्तरगतका स्वास्थ्य संस्थाहरुमा गर्भवती महिलाले प्रोटोकल अनुसार ८ पटकसम्म गर्भ जाँच गरेमा थप पौष्टिक प्याकेटको व्यवस्था गरिनेछ ।

२८. नगर अस्पताल परिसर भित्र इन्डोर जिमको साथै थर्मल थेरापी सेवाको स्थापना गरिनेछ ।

२९. हरेक स्वास्थ्य संस्थामा स्वास्थ्य शिक्षा कर्नर राखिनेछ ।

३०. बन्चितिकरणमा परेका समुदाय तथा सेवाग्राहीहरुको पहिचान गर्ने र सेवामा निरन्तता दिने, आमा समुहलाई सुदृढीकरण गराउन महिला स्वास्थ्य स्वंयसेविकाहरुलाई थप उत्प्रेरित गरिनेछ ।

३१. सेवाग्राहीको खोजी तथा सेवाग्राहीको निरन्तरताको सञ्चार गर्नको निम्ती (विशेष गरि मातृ तथा बाल स्वास्थ्य समन्वयका लागी) मोबाईल स्वास्थ्य कार्यक्रम सञ्चालान गरेर महिला स्वास्थ्य स्वंयसेविकाहरुलाई प्रोत्साहित गरिने छ ।

३२. **DPR** निर्माण भएका स्वास्थ्य संस्थाहरुको निर्माण, मर्मत संभार एवम् उचित व्यवस्थापनका लागि आवश्यक वजेटको व्यवस्था गरिने छ ।

३३. सुर्तिजन्य पदार्थको पहुँचबाट बालवालिका एवं जेष्ठ नागरिकलाई टाढा राख्ने नीति लिइनेछ ।

३४. विद्यालय, क्याम्पस, अस्पताल, मठ मन्दिर तथा अन्य क्षेत्रहरुको आसपास सुर्तिजन्य र मदिराजन्य पदार्थको वेचविखनमा रोक लगाइनेछ ।

३५. विद्यमान स्वास्थ्य संस्थाहरुको नक्साङ्कन गरी रणनीतिक स्थानमा जनसंख्याको आवश्यकताको आधारमा मर्जरको नीति लिइनेछ । चपली घुम्ती बर्थिङ्ग सेन्टरको स्तरीकरण र चुनीखेल बर्थिङ्ग सेन्टरलाई नगर अस्पतालमा मर्ज गरिनेछ ।

३६. समुदायमा आधारित स्वास्थ्य कार्यक्रमलाई प्राथमिकता दिइनेछ । साथै, आधारभूत स्वास्थ्य सेवा प्रदान गर्नको लागी घरधुरी लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।

३७. नगरका स्थायी बासिन्दा, जनप्रतिनिधि र कर्मचारीलाइ पालिका भित्र रहेका निजी स्वास्थ्य संस्थाहरुमा निश्चित प्रतिशत छुट दिने व्यवस्था मिलाइनेछ।

३८. नगर अस्पतालमा सुरक्षित गर्भपतनको व्यवस्था गरिनेछ ।

३९. नागरिकहरुलाइ गुणस्तरीय आधारभूत स्वास्थ्य सेवामा सुलभ पहुँच सुनिश्चित गर्न सरोकारवाला संस्थासँग समन्वय र सहकार्य गरी अध्ययन अनुसन्धान कार्य विकास गरिने छ ।

४०. नगरको स्वास्थ्य सूचना प्रणालीलाई तथ्याङ्कमा आधारित बनाईनेछ ।

## ख. शिक्षा

१. **विद्यालय समुदायका लागि समुदायको सहयोग विद्यालयको विकासका लागि** भन्ने मूल मर्मलाई आत्मसात गरी विद्यालयलाई बालबालिकाको शैक्षिक हकको सुनिश्चितताका लागि जिम्मेवार बनाइनेछ ।

२. सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने विषय केन्द्रमा राखी शैक्षिक उन्नयन वर्षका कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३. संस्थागत विद्यालयको सञ्चालन लागत न्यूनीकरण गर्दै सेवामूलक बनाइनेछ ।

४. सामुदायिक र संस्थागत विद्यालयहरुबीच आपसी सिकाइको वातावरण निर्माण गर्न सहकार्य र साझेदारीमूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

५. प्रत्येक विद्यालयमा न्यूनतम क्षमताको अवस्था (शिक्षक दरबन्दी, कक्षाकोठा, पिउने पानी, शौचालय, पुस्तकालय, क्यान्टिन, विज्ञान प्रयोगशाला र सूचना प्रविधि) सुनिश्चितता गरिनेछ ।

६. शैक्षिक क्षमता र अत्यावश्यक पूर्वाधारको उपलव्धताका आधारमा विद्यालयको वर्गीकरण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

७. प्रत्येक बर्ष शिक्षकको शिक्षणस्तर परीक्षण योग्यता परीक्षा सञ्चालन गरिनेछ । न्यूनतम् अंक प्राप्त गर्न नसक्ने शिक्षकलाई सघन शिक्षक पेशागत विकास कार्यक्रममा सहभागी गराइनेछ ।

८. न्यूनतम शैक्षिक भौतिक पूर्वाधार नभएका विद्यालयहरुलाई मर्जर (संस्थागत–संस्थागत र सामुदायिक–संस्थागत) मा जान प्रोत्साहित गर्ने नीति लिइनेछ । विद्यालयहरुलाई राइटसाइजिङ र डाउनसाइजिङ गरी स्मार्ट स्कूलमा रुपान्तरण गरिनेछ

९. विद्यालयलाई वातावरण संरक्षण र सामाजिक विभेद (छुवाछुत, दुव्र्यवहार, हिंसा, लैङ्गिक विभेद) विरुद्ध परिचालन गरिनेछ ।

१०. ब्रिटिस काउन्सिल र अन्य अन्तर्राष्ट्रिय तथा राष्ट्रिय र स्थानीय प्राज्ञिक संस्थाहरुसँगको सहकार्य र साझेदारीमा ग्लोबल स्कूल प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।

११. न्यूनतम शिक्षक दरबन्दी नभएका विद्यालयहरुमा शिक्षक बैंक तथा शिक्षण अनुदानमार्फत अंग्रेजी, विज्ञान, गणित लगायत अतिरिक्त विषयका शिक्षकहरुको व्यवस्थापन गरिनेछ ।

१२. नगरपालिका र विद्यालयस्तरमा समयतालिकाको आधारमा विभिन्न प्रकारका खेलकुद प्रतियोगिताहरु सञ्चालन गरी खेलकुदको प्रवर्द्धन गरिनेछ ।

१३. बुढानीलकण्ठ प्राविधिक शिक्षालय स्थापना गरिनेछ ।

१४. अपांङ्गता भएका, कुष्ठरोग संक्रमित, एसिडपीडित, एच.आइ.भि.सङ्क्रमित तथा दीर्घ रोगले ग्रसित र विशेष शिक्षा (**मलाई अबसर देउ, म सिक्न सक्छु**) दिनुपर्ने आवश्यकता भएका बालबालिकाहरू तथा निरक्षर युवा, गृहणी र प्रौढहरुका लागि बैकल्पिक शिक्षा (**अब त पढौं**) को उचित व्यवस्था गरिनेछ ।

१५. विद्यालयहरुमा बालसंरक्षण मापदण्ड लागु गरी बालमैत्री बनाइनेछ । अभिभावक, शिक्षक र शिक्षिकालाई बाल अधिकार तथा प्रजनन् स्वास्थ्य सम्बन्धी अनुशिक्षण दिइनेछ ।

१६. बालबालिकाहरुमा अन्तरनिहित प्रतिभाको विकासमार्फत सर्वाङ्गिण व्यक्तित्वको विकास गर्न बालबालिका केन्द्रित कला तथा साहित्य महोत्सव कार्यक्रम सञ्चालन गरिनेछ ।

१७. शिक्षा, प्रविधि र उत्पादनलाई अन्तरसम्बन्धित गर्दै विद्यालय ब्राण्डिङ कार्यक्रमलाई निरन्तरता दिइनेछ । डिजिटल स्कूल निर्माणका लागि डिजिटल कन्टेन्ट, डिजिटल पेडागोजी र डिजिटल मूल्यांकन प्रणालीको विकास गरिनेछ ।

१८. शिक्षकहरुको मनोबल र अभिप्रेरणाको स्तर बृद्धि गर्न शिक्षक स्वास्थ्योपचार विमा, कार्यसम्पादन सक्षमताका आधारमा प्रोत्साहन, बिदा बैकिङ्ग, शिक्षक सम्मेलन तथा शिक्षा दिवसका दिन नगर शिक्षक पदक प्रदान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१९. नगरपालिकाले गठन गरेका विषयगत शिक्षण विभागलाई सुदृढीकरण गरिनेछ ।

२०. **बुढानीलकण्ठमा वसौ, बुढानीलकण्ठमै पढौं** कार्यक्रम कार्यान्वयन गरिनेछ ।

२१. **रमाइलो शुक्रबार** कार्यक्रम अन्तर्गत विद्यालयमा शिक्षा र सीप सिकाइका रुपमा शुरुवात गरिएको कार्यक्रमलाई सबलीकरण गरिनेछ ।

२२. स्वचालित रुपमा शिक्षक पेसागत विकास र विद्यार्थी मूल्यांकन पद्धतिको विकास गरिनेछ ।

२३. बुढानीलकण्ठबासी हरेक नागरिकलाई स्नातकोपाधी प्राप्त बनाउने कार्यक्रमलाई निरन्तरता दिइएको छ ।

२४. युवाहरुको क्षमता विकास, रोजगारीको सुनिश्चितता तथा आत्मनिर्भरताका लागि विशेष कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ । आधुनिक वैज्ञानिक आविष्कार, विविध रचनात्मक तथा नवप्रवर्तनशील कार्यका लागि युवा वैज्ञानिकहरुलाई प्रोत्साहित गरिनेछ ।

२५. सामुदायिक विद्यालयमा वर्षेनी बढ्दो विद्यार्थी भर्नादरलाई मध्यनजर गर्न्दै सामुदायिक विद्यालयमा पूर्वाधार विकास कार्यक्रम अभियानका रुपमा सञ्चालन गरिनेछ ।

२६. बागमति प्रदेश सरकारले सरकारी कामकाजको भाषाको रुपमा नेपाल भाषा र तामाङ्ग भाषालाई मान्यता दिएकोले नगर क्षेत्र भित्रका वालवालिकाको मातृ भाषा (नेपाल भाषा र तामाङ्ग भाषा) सिक्न पाउने अधिकारलाई सुनिश्चित गरिने छ ।

२७. बालकुमारी माध्यमिक विद्यालय र श्रीराम आधारभूत विद्यालयलाई नमूना विद्यालयको रूपमा निरन्तर स्तर वृद्धि गर्दै लगिनेछ ।

२८. बुढानीलकण्ठ आवासीय विद्यालयलाई उदाहरणीय शैक्षिक केन्द्रको रूपमा सबैको पहुँचयोग्य बनाइनेछ ।

२९. सामुदायिक र संस्थागत विद्यालय अनुगमन गर्न छुटै संयन्त्रको व्यवस्था गरी अनुगमन प्रतिवेदन नगर कार्यपालिकामा पेश गर्ने व्यवस्था मिलाइनेछ।

३०. नगर क्षेत्र भित्र रहेका मन्टेश्वरीहरुको नियमन सम्बन्धी नीति बनाई कार्यान्वयन गरिनेछ ।

३१. नगर क्षेत्रमा गुरुकुल, सँस्कृत शिक्षा सञ्चालनमा प्रोत्साहन गरिनेछ ।

३२. अपाङ्गता भएका बालवालिकाहरुलाई सहज र सरल ढङ्गले अध्ययन गर्न सम्भाव्य विद्यालयको पहिचान गरी कार्यान्वयन गरिनेछ ।

३३. पूर्ण रुपमा वेसहारा बालबालिकाहरुका लागि **मेरो वडा, मेरो अभिभावक** कार्यक्रम सञ्चालन गरिनेछ ।

३४. अनिवार्य तथा निःशुल्क शिक्षाको सुनिश्चितताका लागि विपन्न विद्यार्थीहरुलाई सहयोग कार्यक्रम सञ्चालन गरिनेछ ।

३५. विपन्न विद्यार्थीलाई उच्च शिक्षा अध्ययनका लागि बैंक तथा वित्तीय संस्थाहरुको सहकार्यमा अध्ययनको व्यवस्था मिलाउन पहल गरिनेछ ।

३६. अतिरिक्त कक्षालाई नियमन गरिनेछ ।

## ग. मानव विकास

१. विद्यमान आर्थिक, सामाजिक तथा लैङ्गिक असमानतावाट नगरपालिकाको जनसंख्याको वृद्धि, संरचना, वितरण तथा वसाइसराई जस्ता जनसंख्या

सम्वन्धी परिसूचकहरुको प्रभावलाई मध्य नजर गरि मानव विकास सम्बन्धी नीति तय गरिनेछ ।

२. महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, यौनिक तथा लैंगिक अल्पसंख्यकको हक अधिकारको संरक्षण तथा प्रवर्द्धनका लागि आवश्यक कानूनी, नीतिगत एंव संरचनागत व्यवस्था निर्माण र सदृढीकरण गरिनेछ ।

३. जेष्ठ नागरिकको हक अधिकारको संरक्षण प्रवर्द्धन तथा निजहरुप्रति श्रद्धा, उच्च आदर तथा सद्भाव अभिवृद्धिका कार्य गर्नको साथै राज्य द्वारा प्रदत्त सेवा सुविधाको उचित व्यवस्थापन र सहज पहुँच प्रत्याभूति गरिनेछ ।

४. नगरपालिकाको विकास र समृद्धिका लागि जेष्ठ नागरिकहरुमा रहेको ज्ञान, सीप, क्षमता, अनुभव र विज्ञताको सदुपयोग गरिनेछ।

५. जेष्ठ नागरिकसँग बालवालिका कार्यक्रम मार्फत अन्तरपुस्ता सीप हस्तान्तरण गरी सामाजिक पूँजीको विकास गर्दै जेष्ठ नागरिकका अनुभव तथा भोगाइ सम्बन्धी लेख, रचना लिपीबद्ध गरी संग्रहित गर्ने व्यवस्था मिलाइनेछ ।

६. जेष्ठ नागरिकको शारिरीक र मानसिक स्वास्थ्यको लागि जेष्ठ नागरिक स्वास्थ्य शिविर, मनोविमर्श सेवा, तिर्थाटन भ्रमण, मनोरञ्जनात्मक खेल, शारिरीक व्यायाम, योग शिविर जस्ता कृयाकलाप प्रभावकारी बनाइनेछ ।

७. ९० बर्ष माथिका तथा अशक्त असहाय जेष्ठ नागरिकलाई घरदैलोमै गई सम्मान, आधारभूत स्वास्थ्य परीक्षण, निशुल्क प्रदान गरिने औषधी र पोषणयुक्त खाना सहित आमाबुबा आरोग्यता कार्यक्रम सञ्चालन गरिनेछ।

८. अपाङ्गता भएका व्यक्तिहरुको हक अधिकारको संरक्षण, संवर्द्धन र मर्यादित जीवनको प्रत्याभुतिको लागि आवश्यकता र क्षमता अनुसारको सीप, क्षमता अभिवृद्धि लगायत अपाङ्गता विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

९. सरोकारवाला निकायको सहकार्यमा अपाङ्गता भएका व्यक्तिलाई आवश्यक पर्ने स्वास्थ्य सहायता समाग्री निशुल्क उपलब्ध र प्रयोग गराउने व्यवस्था मिलाईनेछ।

१०. अपाङ्गता सहायता कक्षबाट प्रभावकारी सेवा प्रवाहको लागि दोभाषे सहितको जनशक्ति व्यवस्थापन गरिनेछ।

११. अपाङ्गता भएका बालबालिकाको विशेष हेरचाह, व्यक्तिगत विकासका लागि शिक्षा, स्वास्थ्य स्याहार सेवा सुनिश्चितताको लागि समावेशी शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।

१२. महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, यौनिक तथा लैंगिक अल्पसङख्यक मानव अधिकार सम्वन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय कानून सम्झौताको प्रभावकारी कार्यान्वयन गरिनेछ।

१३. महिला, लक्षित वर्गको सम्मानका रुपमा अवसर, पहुँच, प्रतिफल र लाभ सुनिश्चत गर्न लैंगिक समानता र समावेशीकरणको नीति अवलम्वन गरिनेछ। सारभूत लैंगिक समानता प्राप्तिको लागि पुरुष सहभागितामा जोड दिईनेछ।

१४. लैङ्गिक समानता तथा सामाजिक समावेशी उत्तरदायी बजेट परिक्षण पद्धतिलाई निरन्तरता दिइनेछ।

१५. महिलाहरुको वैयक्तिक आर्थिक तथा सामाजिक सशक्तीकरणका लागि क्षमता, सिप तथा उद्यमशिलता विकासका कार्यक्रम निरन्तरता दिइने छ । दलित, एकल, अपाङ्गता भएका, HIV/AIDS प्रभावित, एसिड पीडित, द्वन्द्व प्रभावित महिलाहरुको लागि जिविकोर्पाजन सुधार कार्यक्रम र उप मेयरसँग विपन्न कार्यक्रम सञ्चालन गरिनेछ।

१६. महिला, बालबालिका, किशोरी, यौनिक तथा अल्पसंख्यक प्रति हुने सबै किसिमका हिंसा, दुर्व्यवहार, विभेद, शोषण उपेक्षाको अन्त्य, मानव बेचविखन तथा ओसारपसारको रोकथाम, बाल श्रम विरुद्ध, लागु पदार्थ दुर्व्यसन, साइवर सुरक्षा सम्बन्धी सचेतना अभियान सञ्चालन गरिनेछ।

१७. सरोकारका निकायको समन्वय सहकार्यमा हिंसा पीडित महिला बालबालिकाको तत्काल उद्धार, संरक्षण, राहत, कानुनी सहायता, स्वास्थ्यरमनोसामाजिक सेवा, पुर्नस्थापनाको व्यवस्था गरिनेछ ।

१८. बुढानीलकण्ठ नगर अस्पतालमा स्वास्थ्य सेवा र मनोपरामर्श सहितको सहायता कक्ष सञ्चालन गरिनेछ।

१९. सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य अधिकार प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।

२०. लक्षित समूहलाई लैंगिक हिंसा निवारण कोष, बाल कोष, एकल महिला सुरक्षा कोष परिचालनबाट सेवा प्रवाहलाई प्रभावकारी बनाइनेछ।

२१. महिला समूह, समिति, संस्थाहरुको प्रभावकारी परिचालनबाट महिला सशक्तीकरण तथा सामाजिक सचेतनाका कार्यक्रम सञ्चालन गरिनेछ।

२२. बाल अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन र बालमैत्री स्थानीय शासन प्रर्वद्धनका लागि कानूनी, संरचनागत र कार्यक्रमगत व्यवस्था गरिनेछ।

२३. विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई आवश्यकता अनुसार सरोकारवाला निकायहरुको समन्वय र सहकार्यमा उद्धार, संरक्षण, पुर्नस्थापना, वैकल्पिक हेरचाह र पारिवारिक सहयोग लगायतका सेवा सहयोग उपलब्ध गराइनेछ।

२४. बालबालिकासँग प्रत्यक्ष सरोकार राख्ने निकायहरुमा बाल संरक्षण मापदण्ड लागु गरी कार्यान्वयन गरिनेछ।

२५. बाल अधिकारको संरक्षण तथा प्रवर्द्धन र बाल सहभागिता प्रवर्द्धनका लागि बाल क्लबरसंस्था र बाल सञ्जाल गठन दर्ता तथा क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ।

२६. मानवसेवा आश्रमको समन्वयमा सहयोगापेक्षी सडक मानव मुक्त अभियानलाई निरन्तरता दिइनेछ।

२७. टोल विकास संस्था, महिला समुह, विभिन्न क्लब लगायतका सामुदायिक संस्थाहरुसँगको समन्वय सहकार्यमा सामाजिक रुपान्तरणका क्रियाकलाप सञ्चालन गरिनेछ।

२८. सामाजिक शक्तिको रुपमा रहेका नागरिक समाज तथा टोल विकास संस्थाले गरेका असल अभ्यासलाई प्रोत्साहन दिनुका साथै टोल विकास संस्थाको गठन तथा क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ।

२९. व्यक्तिगत घटना घटेको ३५ दिन भित्रै निशुल्क दर्ता गर्नको लागि वडा कार्यालयमा आवश्यक जनशक्ति व्यवस्थापन र घटना दर्ता सम्बन्धमा नागरिकलाई सुसूचित गरिने कार्यलाई थप प्रभावकारी वनाइनेछ।

३०. सामाजिक सुरक्षा भत्ता वितरण कार्य थप सहज तथा प्रभावकारी बनाइने छ। साथै सामाजिक सुरक्षा भत्ता उपयोगको अवस्था सम्बन्धमा अध्ययन गरिनेछ।

३१. विद्यमान आर्थिक, सामाजिक तथा लैङ्गिक असमानतावाट नगरपालिकाको जनसंख्याको वृद्धि, संरचना, वितरण तथा वसाइसराई जस्ता जनसंख्या सम्वन्धी परिसूचकहरुको प्रभावलाई मध्यनजर गरी नीति तय गरिनेछ ।

३२. जनसंख्याको असमान वितरण र वसाइसराईको प्रभाव मूल्याङ्कन गर्न आवश्यक नीति लिइनेछ ।

३३. हिंसा पीडितहरुको सुनुवाईका लागि नगर अस्पतालमा प्राथमिक स्वास्थ्य परीक्षण, मनोपरामर्श सहितको व्यवस्थित अब्जर्भेसन कक्ष बनाइनेछ ।

३४. महिला, दलित, असहाय तथा अपागंता भएका व्यक्तिहरुको आर्थिक, सामाजिक र राजनीतिक सशक्तीकरणका लागि समुह तथा समिति गठन, परिचालन, नेतृत्व, सचेतना र आयमूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

३५. एकल महिला केन्द्रित कार्यक्रम सञ्चालन गर्न एकल महिला सुरक्षा कोषलाई निरन्तरता दिइनेछ

३६. नगरपालिका भित्र वसोवास गर्ने राजनीतिज्ञ, समाजसेवी, विद्धान, बुद्धिजिवी, शिक्षक, प्राध्यापक, प्रशासक, विशेषज्ञ एवम पूर्व राष्ट्रसेवकहरुको सिर्जनात्मक सल्लाह सुझावलाई ग्रहण गरी नगरको विकासमा उपयोग गरिनेछ ।

३७. खुला स्थानमा माग्दै हिंड्ने प्रवृत्तिको अन्त्यका लागि **काम गरी खान वा परिवारमा जान** प्रोत्साहित गरिनेछ ।

३८. बाबुआमाको संरक्षण नभएका असहायहरूको लालनपालन र अनिवार्य तथा निशुल्क शिक्षाको व्यवस्था मिलाइनेछ ।

३९. नगर कार्यपालिकामा बालमैत्री पुस्तकालय र बालबालिका खेलकूद कक्षको पूर्वाधारको निर्माण गरिनेछ ।

४०. बालबालिका स्थिति प्रतिवेदन तयार गरी बालमैत्री नगरपालिका घोषणा वडाबाट अभियानका रुपमा सञ्चालन गरिनेछ ।

४१. किशोरकिशोरी सचेतना तथा सामाजिक परिचालकका रूपमा विकसित गर्न किशोरकिशोरी क्लब गठन गरिनेछ ।

४२. **Food Bank, Cloth Bank** स्थापना गरी अति आवश्यक भएका व्यक्तिलाइ पारदर्शी ढगंले वितरण गर्ने व्यवस्था मिलाइनेछ ।

**घ. कला, भाषा, साहित्य, संस्कृति**

१. **बुढानीलकण्ठ सांस्कृतिक प्रतिष्ठान**मार्फत नगरपालिका भित्रका भाषा, साहित्य, सम्पदा, संस्कृति र कलाको सर्वेक्षण, अभिलेखन, सम्वर्द्धन, प्रवर्द्धन गरी यथोचित प्रचार प्रसार गरिनेछ ।

२. धार्मिक/साँस्कृतिक परम्परा अनुसार स्थानीयस्तरमा मनाउँदैं आएका जात्रा, मेला, उत्सव तथा पर्वको संरक्षण, बाजाको जगेर्ना र दिगो व्यवस्थापनको लागि  कोष स्थापना गरी सोही कोषको कार्यविधि अनुसार मूर्त र अमूर्त संस्कृति एवं सम्पदाको रक्षा र संरक्षणको व्यवस्था मिलाइनेछ ।

३. राष्ट्रिय/अन्तर्राष्ट्रिय कला, साहित्य सांस्कृतिक सम्मेलन तथा महोत्सव, मातृभाषा सिकाई एवं गोष्ठी तथा रैथाने मेलाको आयोजना गरी कला, संस्कृतिको प्रर्वद्धन गरिनेछ ।

४. **'प्रतिभा बुढानीलकण्ठ'** को लागि खुल्ला प्रतियोगितात्मक कार्यक्रम सञ्चालन गरी विविध क्षेत्रका विशिष्ट प्रतिभाको खोजी गरी ब्राण्डिङ गरिनेछ ।

५. डाँडागाउँ, चिसेनी, तौलुङ, चुनिखेल, धरमपुर, वासिक आदि ऐतिहासिक, प्राकृतिक र सांस्कृतिक स्थानलाई सांस्कृतिक एवं पुरातात्विक सम्पदा संरक्षण एवं प्रवर्द्धन गर्न ब्राण्डिङ गरी कार्यान्वयन गरिनेछ ।

६. नगरभित्र रहेका विभिन्न मठ मन्दिर, बौद्ध, चैत्य, गुम्बा, स्तुपाको संरक्षण, सम्बद्र्धन, नियमन र एकीकृत विकास गरिनेछ ।

७. नगरभित्रका सबै भाषा, धर्म, संस्कृति, पर्व, मेला तथा जात्राको संरक्षण, सम्बद्र्धन गरी स्थानीय समूहहरुलाई नगरको मौलिक, स्थानीय भेषभुषा, भाषा, संस्कृतिको प्रचार, प्रसार, संरक्षण र प्रवर्द्धनको लागि परिचालन गरिनेछ ।

८. नगरको उपयुक्त सार्वजनिक स्थानहरूमा परम्परागत संस्कृति झल्कने फल्चा, पोखरी, डबली, ढुँगेधारा, चौतारा, खुल्ला आश्रयस्थलहरु निर्माण गरी आकर्षक बनाइनेछ ।

९. जगडोल, चुनिखेल, तौलुङ कपनगढी, बागद्वार, मुहानपोखरी, नारायणस्थान, धरमपुर, ठूलो गाउँ, चिसेनी, विष्णुद्वार, चण्डेश्वरी क्षेत्र जोडिने गरी धार्मिक सांस्कृतिक एवं पर्यटकीय सर्किट निर्माण गरिनेछ ।

१०. बागद्वार–विष्णुद्वार–सपनतीर्थ मेलालाई विशेष सांस्कृतिक जागरण मेलाको रूपमा प्रवर्द्धन गरिनेछ ।

११. खुल्लापार्क, सडकका भित्ताहरु, विद्यालयका पर्खालहरुमा नगरपालिकाको विविध संस्कृति, परिचय झल्कने र देशको पहिचान दिने चित्रहरु बनाई सौन्दर्यकरण गरिनेछ ।

१२. बौद्धिक सम्पत्तिहरुको संरक्षण, योगदान र सम्मानका लागि विभिन्न क्षेत्रका बुद्धिजिवी/विज्ञहरुको रोष्टर तयार गरी नगरको समृद्धिमा योगदान गर्ने उपयुक्त वातावरण सृजना गरिनेछ ।

१३. नगरका विभिन्न वडामा ओपन थिएटर र खुल्ला संग्रहालयहरु स्थापनामा प्रश्रय दिइनेछ ।

१४. कला, भाषा, साहित्य र सँस्कृतिको संरक्षण, प्रवर्द्धन एवं विस्तार सम्बन्धी कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१५. समग्र बुढानीलकण्ठको परिचय र पहिचान समेटिएको **'आहा बुढानीलकण्ठ'** पुस्तक प्रकाशित गरिनेछ ।

## ङ. युवा तथा खेलकुद

१. **"युवासँग मेयर कार्यक्रम"** सञ्चालन गरी युवाहरुलाई उद्यम, व्यवसाय, सीपसँग जोडेर आत्मनिर्भर बनाउन आवश्यक तालिमको व्यवस्था गरिनेछ। उद्यमशील नगर बनाउन प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।

२. युवा पुस्ताको नविन सोच र प्रविधिप्रति आर्कषित गर्न नवप्रर्वतनशिल संघ संस्थाहरुसँग सहकार्य गरिनेछ ।

३. युवाहरुको व्यक्तिगत वृत्ति विकास मार्ग पत्ता लगाउन करियर परामर्श कक्षा सञ्चालन गरिनेछ

४. नगर युवा परिषद्लाई युवा नीति, कार्यक्रम र परिचालनका दृष्टिले सशक्त र सृजनात्मक बनाइनेछ । शारीरिक, मानसिक, वौद्धिक तथा नेतृत्व विकासका कार्य गरिनेछ ।

५. उद्यमशीलता, खेलकुद तथा वैज्ञानिक एवं नवप्रवर्तनात्मक कार्यमा युवाहरुलाई प्रोत्साहित गरिनेछ ।

६. युवा जनशक्तिको वैदेशिक पलायनको उचित व्यवस्थापन सम्बन्धमा अध्ययन गरी स्थानीय स्तरमै रोजगारी सिर्जनाका कार्यक्रम सञ्चालन गरिनेछ ।

७. युवा प्रतिभाको खोजी एवं पहिचान गरी नगरपालिकाको समृद्धिमा परिचालन गरिनेछ ।

८. दुर्व्यसनी/कुलत/हिंसा तथा अपराध/खराब संगत एवं गैरकानूनी क्रियाकलापका विरूद्ध सचेतना अभियानको सञ्चालन, उपचारात्मक व्यवस्थापन तथा पूनरुथापनाको कार्यमा विशेष अभियान तथा कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

९. नगर सरसफाई, विपद् प्रतिकार्य नगर स्वयंसेवक परिचालनमा नगर युवा परिषद् परिचालन गरिनेछ ।

१०. रोजगार प्रदायक र बेरोजगार युवाहरु बिच सम्बन्ध स्थापित गरी उद्यमशिलता र रोजगारी सृजनाका कार्यहरु गर्न बैंक तथा वित्तीय संस्थासँग साझेदारी गरिनेछ ।

११. **युवा र जनप्रतिनिधि तथा युवा र परिवर्तनको पक्षधरता** जस्ता उत्प्रेरणादायी कार्यक्रम सञ्चालन गरिनेछ ।

१२. नगरपालिकाको खेलकूद बोर्डलाई सक्रिय बनाई नगरभित्र सञ्चालन हुने खेल, खेलाडी, खेलकूदसँग सम्बन्धित कृयाकलाप एकद्धार प्रणालीबाट सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

१३. खेलकुद कार्यक्रमलाई व्यवस्थित बनाई खेलकूद तथा खेलाडीको अभिलेखन गरिनेछ ।

१४. नगर क्षेत्र भित्रका राष्ट्रिय अन्तराष्ट्रिय पदकधारी खेलाडीहरूलाई सम्मान गरिनेछ ।

१५. खेल पूर्वाधारको विकास तथा विस्तार एवम् खेलाडी उत्पादनमा जोड दिइनेछ ।

१६. राष्ट्रपति रनिङ शिल्ड कार्यक्रम लगायत नगर क्षेत्रका खेल तथा खेलाडीहरुको पहिचान तथा उत्प्रेरणाका लागि नगरस्तरीय खेलकूदको प्रतियोगिता आयोजना गरिनेछ ।

१७. राष्ट्रिय, अन्तर्राष्ट्रिय, क्षेत्रीय स्तरमा पदक जितेर उत्कृष्ट खेलाडीको पहिचान बनाई योग्य एवम् क्षमतावान् खेलाडीको रुपमा स्थापित भएका विपन्न एवम् आर्थिक स्रोत कमजोर भएका खेलाडीलाई प्रोत्साहन स्वरुप खेलकूद प्रतियोगितामा भाग लिन सहयोग गरिनेछ ।

१८. खेलाडी र प्रशिक्षकहरु सम्मिलित गराएर खेलकूदको उत्थान, विकास र उत्प्रेरणाका विषयमा छलफल/अन्तरक्रिया गरिनेछ ।

१९. नगर क्षेत्र भित्र निर्माणाधीन ह्याण्डबल ग्राउण्ड, धनेश्वर फुटबल ग्राउण्ड, सूवर्ण समशेर क्रिकेट मैदान, मुहान पोखरी फुटबल मैदान, च्यानेखोला फुटबल मैदान, पञ्चकन्या खेल मैदान, चुनीखेल खेल मैदान, जगडोल ब्याडमिन्टन कोर्ट, गोल्फुटार फुटबल तथा बास्केटबल, गाम्चा फुटबल ग्राउण्ड, च्यासिण्डोल कभर्ड हल लगायतका खेल मैदानको सम्भाब्यता अध्ययन गरी निर्माणका लागि आवश्यक पहल गरिनेछ ।

२०. गोल्फुटार फुटबल तथा बास्केटबल, गाम्चा फुटबल ग्राउण्डको स्तरीकरण गरिनेछ ।

२१. धनेश्वर फुटवल ग्राउण्डको जग्गा सम्बन्धी समस्याको समाधान गरी फुटवल ग्राउण्ड निर्माण कार्य थालनि गरिनेछ ।

२२. नगरपालिका भित्र एक अपाङ्गता मैत्री खेल मैदानसहितको रङ्गशाला निर्माण गरिनेछ ।

## च. श्रम

१. नगरपालिकामा सञ्चालित श्रम डेस्कलाई सहज, सूचनामैत्री र पूर्ण जिम्मेवार बनाइनेछ ।

२. सबै प्रकारका रोजगारमा आवद्ध श्रमिकहरूलाई पञ्जीकरण (सूचीकृत) गर्न आव्हान गरिनेछ ।

३. श्रम सूचिकृत प्रणालीलाई डिजिटलाइज्ड गरिनेछ ।

४. **"परदेशको ज्ञान बुढानीलकण्ठको माटोमा योगदान"** भन्ने नाराका साथ वैदेशिक रोजगारबाट फर्केका सीप र ज्ञान भएका युवालाई उद्यमशिल कार्य गर्नका लागि सामुहिक तथा व्यावसायिक योजना प्रदान गरेर प्रोत्साहित गरिनेछ ।

५. श्रमिकहरुको योगदानमा आधारित सामाजिक सुरक्षा कोष कार्यक्रम सुचारु गरिनेछ ।

६. नगरपालिकामा सूचीकृत श्रमिकहरुको वर्गीकरण गरी व्यवस्थित अभिलेख राखिनेछ ।

७. सूचीकृत श्रमिकहरुको हक, हित, कानूनी संरक्षणका लागि आवश्यक सहजीकरण गरिनेछ ।

८. श्रमको सीप, मर्यादा, जोखिम र प्रशासनिक तथा कानूनी संरक्षणका विषयमा समय समयमा अनुशिक्षण, अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ ।

९. सडक व्यापार गर्दै जीविकोपार्जन गरिरहेका श्रमिकहरुको श्रम जोखिमलाई सम्बोधन गर्न निश्चित स्थान र परिचय पत्रको व्यवस्था गरिनेछ ।

१०. सीप तथा श्रमको खपत नगरपालिकाभित्रै हुने नीति अवलम्बन गरिनेछ ।

११. श्रम क्षेत्रमा आवश्यक विषयगत जनशक्ति तयार गरिनेछ । संरक्षण गर्नु पर्ने विशिष्ट कला तथा सीपका कार्यलाई संरक्षण तथा हस्तान्तरण गरिनेछ।

१२. स्थानीय विशिष्ट कला तथा सीप भएकालाई तालिम दिई संरक्षण तथा सीपको हस्तान्तरण एवम् स्वरोजगार सृजना गरिनेछ ।

१३. नगर भित्रका उद्योग, कलकारखाना तथा व्यावसायिक संघसंस्थामा कार्यरत श्रमिकहरुको अवस्थाको अनुगमन गरिनेछ ।

१४. गृह श्रमिक महिलाहरुको पहिचान गरी आवश्यक सीप, प्रविधि एवं उत्पादनलाई बजारीकरण गरिनेछ ।

१५. कुनै पनि किसिमका श्रम शोषण हुन नदिने नीति लिइनेछ ।

१६. वैदेशिक रोजगारीलाई **Earn, Learn** र **Return** को नीतिमा आधारित बनाइ कार्यान्वयन गरिनेछ ।

## छ. संघ संस्था

१. नगर क्षेत्र भित्र कार्यरत गैर सरकारी संघ संस्थाहरुको वजेट, कार्यक्रम र कार्ययोजना नगरपालिकाबाट अनिवार्य रुपमा स्वीकृत गरी कार्यान्वयन गर्नु पर्ने नीति कडाईका साथ कार्यान्वयन गरिनेछ ।

२. अन्यत्र दर्ता भइ नगरपालिका भित्र कार्यरत गैर सरकारी संघ संस्थाहरुको सूचिकृत गरी नियमन गरिनेछ ।

३. संघसंस्थाको नियमित र आकस्मिक अनुगमन गरिने छ ।मापदण्ड विपरित, नगरपालिकालाई सूचित तथा दर्ता नै नगरी सञ्चालन भएका संघसंस्थालाई कानून बमोजिम सञ्चालन गर्न प्रोत्साहित गरिनेछ, अन्यथा स्थानान्तरण वा दण्डित गरिने नीति लिइनेछ ।

४. दर्ता भई कानून बमोजिम सञ्चालित संघसंस्थाहरुलाई आफ्नो कार्यक्रम लागू गराइरहँदा नगरपालिकाको विकास र समृद्धिलाई टेवा पुग्नेगरि कार्यक्रम तय तथा कार्यान्वयन गर्न जोड दिइनेछ ।

# २. पूर्वाधार विकास

## क. भौतिक पूर्वाधार

१. नगर गौरव र क्रमागत योजनालाई प्रथम प्राथमिकतामा राखी कार्यान्वयनमा लगिनेछ ।

२. पूर्वाधारतर्फका विकास निर्माणका वार्षिक योजना तथा कार्यक्रमहरुलाई भाद्र महिना भित्र योजना सञ्चालन क्यालेण्डर बनाइ वार्षिक योजना तथा कार्यक्रमहरुलाइ जेष्ठ मसान्त भित्र सम्पन्न गर्ने गरी कार्यान्वयन गरिनेछ।

३. पूँजीगत खर्चको गुणस्तर बढाउन **"चैत्र मसान्त भित्र सम्झौताः जेष्ठ मसान्त भित्र भुक्तानी"** को नीति कडाइसाथ कार्यान्वयन गरिनेछ ।

४. उपभोक्ता समिति मार्फत सञ्चालन गरिने योजनाको लागि वडाबाट चैत्र मसान्त भित्रमा उपभोक्ता समिति गठन गरी सम्झौता गर्न नआएमा नगर प्रमुखको निर्देशन बमोजिम आयोजना सञ्चालन सम्बन्धमा आवश्यक कार्य गरिनेछ ।

५. नगरपालिका भित्रका सडक, ढल लगायतका पूर्वाधारहरुको नियमित रुपमा मर्मत सम्भार तथा स्तरोन्नतिको लागी मर्मत सम्भार शाखा गठन गरी कार्यान्वयनमा लगिनेछ ।

६. उपभोक्ता समितिबाट सञ्चालन हुने सबै विकास निर्माणका आयोजनामा अनिवार्य रुपमा कूल लागत अनुमानको १०% (दश) प्रतिशत जनसहभागिता सुनिश्चित गर्नुपर्नेछ । जनसहभागिता सुनिश्चित नहुने आयोजनाहरू उपभोक्ता समितिमार्फत सञ्चालन नगरी सार्वजनिक खरिद ऐन, नियम बमोजिम सञ्चालन गरिने व्यवस्था कडाइका साथ लागु गरिनेछ ।

७. उपभोक्ता समितिमार्फत कार्यान्वयन हुने आयोजनाको लागि घुम्ती टोलि मार्फत वडा कार्यालयबाट आयोजना सम्झौताको प्रवन्ध गरिनेछ ।

८. नगरको जनसंख्या पाश्र्वचित्र (**Population Profile**) तयार गरी जनसंख्याका आधारमा योजना तथा कार्यक्रम तर्जुमा गरिनेछ ।

९. परियोजना बैंकलाई व्यवहारिक रुपमा कार्यान्वयन गरिनेछ । परियोजना बैंक बाहिरका आयोजना कार्यान्वयन नगर्ने नीति लिइनेछ ।

१०. आयोजना कार्यान्वयनको लागि बार्षिक कार्यतालिका (कार्यस्थलको पहिचान, कामको विवरण, खरिद विधि, संझौता, अनुगमन, तथा फरफारक) बनाई लागु गरिनेछ ।

११. विकास निर्माणका आयोजनाहरूको गुणस्तरमापन तथा चेकजाँच गर्न प्रविधियुक्त प्रयोगशाला कार्यान्वयनमा ल्याइनेछ ।

१२. नगरपालिकाद्दारा निर्माण गरिएका विकास आयोजनाहरुको दिगो विकासका लागि मर्मत सम्भार सेवा शुल्क तोकी मर्मत कार्य अगाडी बढाइनेछ । हरेक आयोजनाबाट ३% कन्टिजेन्सी कट्टा गरि त्यसको ०.५% मर्मत सम्भारकोषमा अनिवार्य रुपमा दाखिला गर्ने व्यवस्था मिलाइनेछ ।

१३. नगरको भौतिक पूर्वाधार विकासलाई अपाङ्गतामैत्री तथा बालमैत्री बनाउदै लगिने छ । सडक फुटपाथ तथा जेब्राक्रसिङ्गहरुमा संकेतयुक्त टायलहरु लगाउदै जाने नीति अवलम्बन गरिनेछ ।

१४. एक वर्षभित्रमा नगर क्षेत्रभित्र रहेका सडक, ढल, खानेपानी पाइपलाइन, सडक बत्ति, टेलिफोन, सिसिटिभि लगायतका सबै भौतिक पूर्वाधारहरुको डिजिटल प्रोफाइल (**Digital Profile**) तयार गरी एकीकृत विवरण सङ्कलन गरिनेछ ।

१५. नगर भित्रका सडक, ढल लगायतका पूर्वाधारमा थप क्षति हुन नदिन तथा तत्काल मर्मत सम्भारका लागि आवश्यक उपकरण तथा जनशक्तिको उचित व्यवस्था मिलाइनेछ ।

१६. आयोजनाका लागि तयार भएका डिपिआरहरुको लागि वजेट सुनिश्चतता गरी प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।

१७. वडा कार्यालयहरुलाइ नागरिकको पहिलो र नजिकको सरकारको रुपमा विकास गर्न भौतिक सुविधा सम्पन्न गर्दै लगिने छ ।

१८. आयोजना प्रस्ताव तथा छनौट, योजनाको फिल्ड, योजनाको सम्झौता तथा कार्यान्वयन, योजनाको अनुगमन एवम् भुक्तानी प्रक्रियाको विषयमा सम्पूर्ण उपभोक्ता समिति, टोल विकास संस्थाहरुलाई प्रशिक्षण दिइनेछ ।

१९. नगरपालिकामा दिगो विकासका सूचकहरुको कार्यान्वयनको प्रगति प्रतिवेदन तयार गरिनेछ ।

२०. नगरपालिका भित्र रहेका सार्वजनिक भवन (क्लव, कृयापुत्री भवन, महिला भवन लगायत) र पार्कहरु सूचिकृत गरी संरक्षण गरिनेछ ।

२१. नगरसभाबाट स्वीकृत भएका आयोजनाहरुमा विनियोजित वजेटको सीमा भित्र रही कार्य सम्पन्न गर्नुपर्नेछ ।

## ख. सडक तथा ढल व्यवस्थापन

१. नगर भित्रका बस्ती विकास भएका क्षेत्रमा आवश्यकताका आधारमा सरकारी, पर्ति, सार्वजनिक जग्गा तथा राजकुलोमाथि सडक निर्माण गर्दा स्थानीय सरोकारवाला पक्षहरूको आम भेला र वडा समितिको निर्णयसहितको सिफारिसको आधारमा नगर कार्यपालिका बैठकबाट आवश्यक निर्णय गरी कार्यान्वयन गर्ने व्यवस्था गरिनेछ।

२. नगरपालिका क्षेत्रभित्रका ८ मिटर वा सोभन्दा बढी चौडाई भएका सडक दायाँबायाँ क्षेत्रहरुलाई मूल बजार क्षेत्र कायम गरिनेछ। साथै धोबीखोला करिडोर क्षेत्रलाई बजार क्षेत्र र बाँसबारीदेखि बुढानीलकण्ठ नारायणथान मन्दिर विष्णुमती पुल सडक केन्द्रीय सडक क्षेत्र कायम गरिनेछ ।

३. नगरपालिकाको अधिकार क्षेत्रभित्रका सडकहरू स्तरोन्नति, कालोपत्रे तथा ढलान गरिनेछ ।

४. पैदलयात्रु, अपाङ्गता भएका व्यक्ति एवं ज्येष्ठ नागरिकमैत्री सडक निर्माणलाई प्राथमिकता दिई सडकपेटी पैदल यात्रीलाई सहज ढङ्गले यात्रा गर्न फराकिला सडक पेटी निर्माण गर्ने नीति अवलम्बन गरिनेछ ।

५. नेपाल सरकारले तोकेको न्यूनतम सडक अधिकार क्षेत्र भन्दा (कम्तिमा १३ फिट) कम चौडाइ भएको सडकमा कालोपत्रे तथा ढलान सम्बन्धी कार्य गर्न निरुत्साहित गरिनेछ ।

६. बुढानीलकण्ठको मुख्य हाइवे सडक (८ मिटर माथिका) हरियाली, सफा, नागरिकमैत्री, सुरक्षित, उज्यालो, ट्राफिक संकेत सहित आकर्षक बनाइनेछ।

७. विभिन्न चोक तथा सार्वजनिक स्थलहरुमा पैदलयात्रीहरुका लागि कलात्मक विश्रामस्थल बनाइनेछ ।

८. नगरपालिका भित्रका सडकहरू खन्दा वा अन्य निर्माण एवं विविध कार्यमा डोजर लगायतका ठूला औजार उपकरण (Heavy Equipment) चलाउनुपूर्व अनिवार्य रुपमा स्वीकृति लिनुपर्ने व्यवस्था मिलाइनेछ ।

९. बुढानीलकण्ठ–विष्णुमती–टोखा, धोबिखोला, च्यानेखोला तथा लुँडेखोला कोरिडोर र शिव मन्दिर त्रिवेणी चोक शहिद पार्क जोडने सडक आयोजना निर्माणको लागि सम्बन्धित निकायसँग समन्वय गरिनेछ ।

१०. कम्तिमा ४ मिटर चौडाई कायम गरी सडक पक्की गर्ने तथा सडक निर्माण गर्दा जमिनमुनि गरिने (खानेपानी, विद्युत लाइन, ढल आदि) निर्माण कार्य सम्पन्न भएपछि मात्र कालोपत्रे वा ढलान गरिनेछ ।

११. यज्ञमति खहरे खोला, शिव मन्दिर त्रिवेणी शहिद पार्क जोडने सडक स्तरोन्नति गरिनेछ ।

## ग. भवन, पार्क तथा अन्य सार्वजनिक निर्माण

१. कपन क्षेत्रको डुवान समस्या समाधानका लागि बक्स कल्भर्ट निर्माणको कार्य सम्पन्न गर्न सम्बन्धित निकायसँग पहल एवं समन्वय गरिनेछ ।

२. वडा नं. ३ स्थित बुढानीलकण्ठ सांस्कृतिक प्रतिष्ठान भवन निर्माणलाई प्राथमिकता दिइनेछ ।

३. निर्माण सम्पन्न भएका पार्कहरू सूचीकृत गरी व्यवस्थित सञ्चालनको प्रबन्ध मिलाइनेछ ।

४. **GIS Mapping/House Numbering** सम्बन्धी कार्य चालु आर्थिक बर्षमा कार्यान्वयन गरिनेछ ।

५. सडक तथा टोलको नामाकरण गर्दा प्रमुख हाइवे सडक, मुख्य सडक, भित्री सडक, गल्ली तथा चोकहरुको स्थानीय प्रचलनमा आएका नाम वा शब्दावली, रैथाने पेटबोली वा स्थानीय सांस्कृतिक महत्व वा लोकप्रथाको आधारमा गर्ने नीति लिइनेछ ।

६. नगरको साँस्कृतिक तथा सामुदायिक पहिचान झल्किने गरी सामुदायिक भवनहरुको निर्माण गरिनेछ ।

७. **"उज्यालो बुढानीलकण्ठ"** कार्यक्रम अन्तर्गत नेपाल विद्युत प्राधिकरणसँगको साझेदारीमा बाँकी रहेको सडक खण्डमा सडक बत्ति जडान गर्ने कार्य सम्पन्न गरिनेछ ।

८. **'नगर सुरक्षा'** कार्यक्रम अन्तर्गत नेपाल प्रहरीसँगको साझेदारीमा बाँकी रहेको सडक खण्डमा सिसिटिभि जडान गरिनेछ ।

९. आवश्यकतानुसार नगरको विभिन्न स्थानहरुमा सुविधा सम्पन्न सार्वजनिक शौचालयहरू निर्माण गरिनेछ ।

१०. उपयुक्त स्थानको पहिचान गरी औद्योगिकग्राम घोषणाका लागि सम्बन्धित निकायसँग आवश्यक समन्वय गरी पूर्वाधार निर्माण गरिनेछ ।

११. वडा नं. ४ स्थित धन्यढिकुरो मन्दिरको पूर्वाधार संरक्षण र योगध्यान केन्द्र निर्माणलाई प्राथमिकतामा राखिनेछ ।

१२. नगर क्षेत्रभित्र आइटी पार्क निर्माणको लागि सम्भाब्यता अध्ययन गरिनेछ।

१३. नगरपालिकाबाट निर्माण सम्पन्न भएका वा निर्माण गर्नुपर्ने सबै भवन संरचनाको जग्गाको स्वामित्व प्राप्तिको प्रकृया तत्काल अगाडि बढाइनेछ ।

१४. सामुदायिक विद्यालयको भवन मर्मत, सम्भार तथा सुधार एवं निर्माण गरिनेछ । विद्यालय भवन, शौचालय, खेलमैदान समाबेसी बनाइनेछ ।

१५. वडा नं. ११ स्थित शहिद पार्कलाई संरक्षण, प्रवर्द्धन गरी पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न पहल गरिनेछ ।

१६. डाँडागाउँमा तामाङ्ग सांस्कृतिक पार्क तथा केन्द्र, चिसेनी नेचुरल पार्क तथा सांस्कृतिक केन्द्र, रूद्रेश्वर धोबिखोला जलासय, विष्णुमती करिडोर संरक्षण, च्यासिन्डोल चिनारी पार्क, आइतबारे पार्क निर्माण कार्य अगाडि बढाइनेछ।

१७. सडक तथा सार्वजनिक स्थानको स्थापित रैथाने पहिचानलाई मान्यता दिन र सुरक्षा असहजता एवम् सौन्दर्य नमेटियोस भनेर स्थानीय टोल, चोक, वस्ती, सडक लगायत सार्वजनिक स्थानमा स्थायी रुपमा आफ्नो

व्यक्तिगत/समूहगत अनुकूल हुनेगरि नामाकरण गरिएको परिचय बोर्ड राख्न नदिने र स्वागत गेटहरु राख्न नदिने नीति अवलम्बन गरिनेछ ।

१८. एक घर एक बिरुवा अनिवार्य व्यवस्था गर्ने गरी मात्र घर नक्सा सिफारिश दिइनेछ ।

१९. नगर क्षेत्रमा रहेका सार्वजनिक जग्गाहरुको लगत थप व्यवस्थित गरिनेछ। सार्वजनिक जग्गाहरुको अतिक्रमण हटाई पार्क निर्माण गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

२०. नगर क्षेत्र भित्रको पार्कहरुको संरक्षण र सम्बद्र्धनका लागि कार्यविधी निर्माण गरी हेरालुको व्यवस्था गरिनेछ।

## घ. शहरी विकास

१. जग्गाको वर्गीकरण, भु–उपयोग नीति, परम्परागत जग्गा उपयोगलाई व्यवस्थित गर्दै शहरी विकास योजना तर्जुमा गरी व्यवस्थित शहरी विकासको कार्य अगाडि बढाइनेछ ।

२. स्थानीय कला, संस्कृति, सम्पदा र पुरातात्विक मौलिकता र महत्व झल्कने गरी निजी घर, सार्वजनिक भवन, कोलोनी, टोल, शहर निर्माण गर्न प्रोत्साहन गरिनेछ ।

३. मुख्य सडकहरूका आवश्यक स्थानमा आकाशे पुल तथा जेब्राक्रस निर्माण गरी सडक यातायात र पैदलयात्रीलाई सुरक्षित बनाइनेछ ।

४. अव्यवस्थित पार्किङलाई लक्षित गर्दै सार्वजनिक तथा निजी पार्किङ व्यवस्थापनका लागि प्रोत्साहन गरिनेछ ।

५. नयाँ भवन निर्माण गर्दा पार्किङ, **Water Recharge**, सेफ्टी ट्याङ्की व्यवस्थापन अनिवार्य गरिनेछ ।

६. नगरमा अव्यवस्थित देखिएका तार, सूचना बोर्ड, ठूला ठूला होर्डिङ्ग बोर्ड, अनावश्यक पोल, स्वागतद्वार तथा प्रवेशद्वारलाई व्यवस्थित गर्ने नीति लिइनेछ ।

७. नगर भित्र विदेशी नागरिकहरुलाई घररफ्ल्याट भाडामा दिदा नगरपालिकाबाट अनिवार्य स्वीकृति लिनुपर्ने व्यवस्था गरिनेछ । यसको अभिलेख छुटै व्यवस्थित गरिनेछ ।

## ङ. खानेपानी

१. खानेपानी सञ्चालक तथा वितरक समितिहरुलाई एकमुष्ट रुपमा समेटी नगरस्तरीय **"एकीकृत खानेपानी बोर्ड"** गठन गरिनेछ ।

२. **"नगरबासीको इच्छा खानेपानीको सुनिश्चितता"** भन्ने अभियान सहित स्वच्छ र स्वस्थ खानेपानी प्रत्येक घरमा पुऱ्याउने प्रवन्ध गरिनेछ ।

३. **स्थानीय पानी स्थानीयको अधिकार**लाई प्राथमिकता दिई खानेपानी व्यवस्थापन सम्बन्धी आयोजना कार्यान्वयन गरिनेछ ।

४. खानेपानी स्रोतका लागि रिचार्ज प्रणाली (रिचार्ज बेल) कार्यान्वयन गर्न कार्यविधि निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ । रिचार्ज बेल प्रणाली लागु गर्नेलाई विभिन्न सहुलियत उपलब्ध गराइनेछ ।

५. शिवपुरी जलाधार तथा बिष्णुमती क्षेत्रको खानेपानी मुहानलाई दिगो र विश्वसनीय व्यवस्थापनका लागि सरोकारवाला निकायसहित विज्ञहरुसँग परामर्श गरी खानेपानी भण्डारण तथा वितरणको बिस्तृत योजना निर्माण गरिनेछ ।

६. खानेपानीको प्राकृतिक स्रोत वा डिप बोरिङको स्रोत पहिचानको लागि सम्भाव्यता अध्ययन गरिनेछ ।

७. पोखरी निर्माण, रेन हारभेष्टिगं गर्ने कार्यलाई निजी क्षेत्रको सहकार्यमा कार्यान्वयन गर्ने नीति लिइनेछ ।

८. सतहमुनिको पानीको तहलाई कायम राख्न नगर क्षेत्र भित्रका ८ फिटभन्दा कम चौडाइका सडकहरूमा ब्लक तथा ईटा बिच्छ्याउने कार्यलाई प्रोत्साहन गरिनेछ ।

९. परम्परागत कुवा, ईनार, ढुङ्गेधारा लगायतका पानीको स्रोतलाई संरक्षण र व्यवस्थापन गर्न प्राथमिकता दिइनेछ ।

१०. मुहानपोखरीदेखि बाँसबारीसम्मको पुरानो पाइप प्रतिस्थापन गरि नयाँ पाइप विछ्याउने कार्यका लागि सम्बन्धित निकायहरुसँगको सहकार्यलाई प्रभावकारी बनाइनेछ ।

११. आइतबारे पार्क क्षेत्रमा खानेपानीको ड्याम निर्माणका लागि सम्बन्धित निकायमा पहल गरिनेछ ।

## च. बसपार्क तथा पार्किङ व्यवस्थापन

१. सार्वजनिक सवारीका साधनलाई बस बिसौनीको क्षेत्र तोकि बस विसौनीबाट मात्र यात्रु चढाउने र ओराल्ने व्यवस्था मिलाइनेछ ।

२. बसपार्क निर्माणका लागि जग्गाको व्यवस्था गरी वसपार्क निर्माण गरिनेछ।

३. नगर भित्र सार्वजनिक, निजी साझेदारीमा सार्वजनिक यातायात व्यवस्थापन तथा सञ्चालनका लागि सम्भाब्यता अध्ययन गरिनेछ ।

४. सडक पेटी व्यवस्थापन, सडकमा सबैप्रकारका पैदल यात्रु मैत्री वातावरण व्यवस्थापनमा प्राथमिकता दिइनेछ ।

५. ट्राफिक प्रहरीसँग कार्यालयबाट समन्वय गरी सडक सुरक्षा सम्बन्धी जनचेतनाका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

## छ. योजना, अनुगमन तथा मूल्याङ्कन

१. ५० लाख वा सो भन्दा माथिका विकास आयोजनाको नियमित सुपरिवेक्षणका लागि फिल्ड सुपरभाइजरको व्यवस्था गरिनेछ ।

२. योजनाहरुको अनुगमन प्रणालीमा स्थानीय सरोकारवालाहरुको सहभागितालाइ सुनिश्चित गरिनेछ ।

३. बोलपत्र स्वीकृत तथा सूचिकृत फर्महरुलाई पनि योजना कार्यान्वयन सम्बन्धमा अन्तरक्रिया, प्रशिक्षण लगायतका कार्यक्रम सञ्चालन गरिनेछ ।

४. प्रदेश र सङ्घीय सरकारबाट सञ्चालित योजना र कार्यक्रमहरूको अनुगमन, मूल्याङ्कन सहजीकरणको लागि उपयुक्त संयन्त्र बनाइनेछ ।

५. सम्पन्न भएका योजनाहरूको मर्मत सम्भार र संरक्षणको जिम्मेवारी सहित भुक्तानी र योजनाको हस्तान्तरण गरिनेछ ।

६. सम्पन्न र सञ्चालित आयोजनाहरूको डिजिटलाइज्ड अभिलेखीकरण गरिनेछ।

७. योजना अनुगमनलाई व्यवहारिक बनाउन वडास्तरीय अनुगमन समितिलाई योजना छनौट देखि फरफारकसम्म सक्रिय र जिम्मेवार बनाइनेछ ।

८. विगत आ.व.हरुमा सम्झौता भई कार्य सम्पन्न भएका आयोजनाहरु प्राविधिक मूल्याकंनको आधारमा नगर कार्यपालिकाबाट निर्णय गरी फरफारक गर्ने व्यवस्था मिलाइनेछ ।

९. नगरस्तरीय योजना अनुगमनलाई योजना कार्यान्वयनको सुरुवातदेखि नै सक्रिय बनाइनेछ ।

१०. अनुगमन समितिका सदस्यहरूको उच्च मनोबल तथा नयाँ अनुभव एवम् ज्ञान लिनका लागि अन्तरपालिका अनुगमन समितिहरुबीच एवम् आवश्यक निकाय तथा विज्ञहरुबीच छलफल बैठक तथा भ्रमणको व्यवस्था गरिनेछ।

११. अनुगमन समितिलाई अनुगमनका क्रममा आवश्यक स्रोतसाधन, सुरक्षा एवम् सुविधा उपलब्ध गराइनेछ ।

१२. प्राविधिक लागत अनुमान बमोजिम संझौता भई स्थलगत रुपमा सञ्चालन भएका आयोजनाको मूल्याङ्कन गर्दा फरक किसिमको परिमाण र गुणस्तर भएमा भुक्तानी दिन वाध्य हुनु नपर्ने नीति लिइनेछ ।

१३. सम्पन्न आयोजनाको परिणाम, नतिजा र प्रभाब सम्बन्धी कार्यमा आवश्यकतानुसार तेश्रो पक्षबाट पनि मूल्याङ्कन गराइने व्यवस्था गरिनेछ ।

१४. सम्झौता नभई सञ्चालन हुने कुनैपनि विकास निर्माण कार्यको अनुगमन एवं भुक्तानी दिइने छैन ।

१५. आयोजना कार्यान्वयनकै क्रममा अनिवार्य रुपमा निरन्तर प्राविधिक अनुगमन गरिनेछ ।

१६. अनुगमन मूल्याङ्कनबाट प्राप्त प्रतिबेदनलाई नगर प्रमुखको संयोजकत्वमा आयोजना फरफारक समिति मार्फत कार्यपालिकामा पेश गर्ने व्यवस्था मिलाइनेछ र वेभसाईट मार्फत सार्वजनिक गरिनेछ ।

१७. आवश्यक स्रोत, साधनको व्यवस्था गरी प्राथमिकतासाथ बजार अनुगमन कार्य नियमित रुपमा अगाडि बढाईनेछ ।

१८. नगरपालिकाको सीमा क्षेत्रको सडक लगायतका पूर्वाधार निर्माणमा अन्तरपालिका सहकार्य गरिनेछ ।

## ३. आर्थिक विकास

### क. कृषि

१. नगरभित्र सञ्चालित कृषि उद्योग (पशुपालन, तरकारी खेती, दुग्धजन्य उत्पादन लगायत) लाई प्रवर्द्धन गरी आत्मनिर्भर बनाउने नीति लिइनेछ ।

२. कृषि यान्त्रिकरण, बिउ विजन, प्रविधि तथा प्रशोधन एवम् भण्डारणमा अनुदानको व्यवस्था गरी कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व बृद्धि गर्न प्रोत्साहन गरिनेछ ।

३. सघन शहरी क्षेत्रमा नागरिकलाई खेती गर्ने आदतको विकास गर्न तथा परनिर्भरता न्यूनीकरण गर्न करेसाबारी तथा कौशी खेती कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ ।

४. अर्गानिक उत्पादनलाई प्रोत्साहन दिन उत्पादनलाई स्थानीय बजारमा खपत गर्न निजी क्षेत्रसँग समन्वय र सहकार्य गरिनेछ ।

५. कृषि उद्यमशीलतालाई विद्यालय, युवा स्वरोजगार तथा महिला लगायत लक्षित समुदायसँग जोडिनेछ ।

६. नगरपालिका भित्र रहेका कृषकहरुलाई सुचिकरण गरी किसान परिचयपत्र वितरण गरिनेछ ।

७. **"स्वच्छ जीवनको लागि प्रांङ्गारिक मलको उपयोग गरौं"** भन्ने मूल नाराका साथ अर्गानिक खेती प्रणालीको विकास गर्न स्थानीय श्रम, सीप र कच्चा पदार्थ उपयोगलाइ कृषि प्रणालीमा आवद्ध गरी कम्पोष्ट मल बनाउन नगरपालिकाबाट कृषकलाई तालिम दिने व्यवस्था मिलाइने छ ।

८. तरकारी, फुलफुल लगायतका खाद्यान्नको विषादी परीक्षण सम्बन्धी कार्य गरिनेछ ।

९. कृषकको उत्पादन भण्डारणका लागि नगरस्तरीय चिस्यान केन्द्र निर्माणका लागि सम्भाव्यता अध्ययन गरिनेछ ।

१०. **कृषि तथा पशुपन्छी स्कुल शिक्षा** कार्यक्रम सञ्चालन गरिनेछ ।

११. कृषि र पशु प्राविधिकहरुको दक्षता अभिबृद्धि गरी प्रविधिको प्रयोग मार्फत किसानलाई कार्यस्थलमै तत्काल सेवा प्रवाह गर्ने प्रवन्ध गरिनेछ ।

१२. **'असल कृषक'** लाई पुरस्कार तथा अनुदान प्रदान गरी प्रोत्साहित गरिनेछ ।

१३. घुम्ति माटो शिविर सञ्चालन गरी **माटो कार्ड** वितरणको व्यवस्थापन गरिनेछ ।

१४. जनप्रतिनिधीलाई परिचालन गरी **'माटो जोगाउँ, माटो चलाउँ'** अभियान मार्फत जमिन बाँझो नराख्ने नीति लिइनेछ ।

१५. नगरभित्र व्यवस्थित फलफूल तथा तरकारी बजारको स्थापना गरिनेछ । मौलिक अर्गानिक उत्पादनको बजारीकरणका लागि वडा नं. २ स्थित निर्माणाधिन कृषि तथा तरकारी बजारलाई प्रभावकारी रुपमा सञ्चालनमा ल्याईनेछ ।

१६. नगर क्षेत्र भित्र टिस्यु कल्चर ल्याब तथा ग्रिन हाउस सञ्चालन एवं प्रवर्द्धनमा प्रोत्साहन गरिनेछ ।

१७. सामूहिक खेति तथा पशुपालन व्यवसायलाई प्रोत्साहन गरिनेछ । किसानको मूल्य किसानलाइ भन्ने नीति लिइनेछ ।

१८. न्यूनतम दरमा बिउ पूजी कार्यक्रम कार्यान्वयन गरी कृषकहरुलाई प्रोत्साहित गरिनेछ ।

## ख. पशुपंक्षी

१. नगरको **कृषि तथा पशुपंक्षी नीति, २०८० ले सिफारिस गरेका सुझावहरुलाई** क्रमशः कार्यान्वयन गरिनेछ ।

२. घरपालुवा कुकुर, विरालोको व्यवस्थापनका लागि दर्ता प्रक्रियालाई अभियानको रुपमा सञ्चालन गर्ने र ५० प्रतिशत लागत साझेदारीमा बन्ध्याकरण गर्ने व्यवस्था गरिनेछ । साथै छाडा, सामुदायिक, रोगी, घाइते

पशुपन्छीहरुलाई उपचार गर्ने तथा बन्ध्याकरण गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३. ५० प्रतिशत लागत साझेदारीमा व्यावसायिक पशुपालनमा संलग्न कृषकहरुको गोवर मल व्यवस्थापन र कम्पोष्ट मल प्याकेजिङ्ग कार्यक्रम सञ्चालन गरिनेछ ।

४. **गोठ देखि ओठसम्म र बधशाला देखि भान्सासम्म** भन्ने नाराका साथ मानव स्वास्थ्यसंग प्रत्यक्ष सरोकार राख्ने पशुजन्य पदार्थको उत्पादनदेखि उपभोगसम्मको स्वच्छ मासु तथा दुध उत्पादन प्रकृया सम्बन्धमा नियमन र जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ ।

५. एकल महिला र पुरुष, दलित तथा पिछडिएका र विपन्न कृषकको जिवीकोपार्जनका लागि आय आर्जनको श्रोतका रुपमा पशुपन्छी पालन व्यवसायमा प्रोत्साहित गर्न विशेष कार्यक्रम ल्याइनेछ ।

६. दुग्धजन्य उत्पादनको आधुनिक बजार व्यवस्थापनका लागि सरकारी, निजी साझेदारीमा दुग्ध संकलन, भण्डारण एवं विक्री केन्द्रको स्थापना गरिनेछ ।

७. दुग्धजन्य पदार्थमा आत्मनिर्भर बनाउन दुध उत्पादनमा आधारित अनुदान कार्यक्रम सञ्चालन गरिनेछ ।

८. जंगली जनावर एवं बाँदरबाट हुँदै आएको क्षति न्यूनीकरण गर्न वन्यजन्तु तथा बाँदर नियन्त्रण कार्यक्रम ल्याइनेछ ।

९. नगर क्षेत्र भित्र सञ्चालनमा रहेका वधशाला थप व्यवस्थित गर्न तालिम र आवश्यक लजिष्टिक उपलब्ध गराइनेछ ।

१०. गाईवस्तु, चौपाया, पशुपंक्षीको यान्त्रिकरण एवं महामारी रोग निरोधात्मक खोप तथा औषधि उपचारको उचित व्यवस्थापन गरिनेछ ।

११. घरपालुवा जीवजन्तु, पशु चौपायालाई सडकमा छाड्न नपाइने नीति कडाईका साथ लागू गरिनेछ ।

१२. मासुजन्य पदार्थको उत्पादन तथा बिक्रि वितरण गर्ने ब्यवसायको मापदण्ड तयार गरी लागू गरिनेछ ।

१३. सामुदायिक सडक चौपाया र मृत पशु चौपायाको उचित व्यवस्थापनका लागि एनिमल **एम्बुलेन्स** सहित प्राविधिक सेवा जनशक्तिको व्यवस्था गरिनेछ ।

१४. कृषकलाई प्रोत्साहन एवं असल अभ्यास आदान प्रदानका लागि कृषि तथा पशुपंक्षीजन्य उत्पादन मेलाको आयोजना गरिनेछ ।

१५. छाडा कुकुर व्यवस्थापन सम्बन्धी कार्यलाई थप प्रभावकारी बनाइनेछ ।

## ग. उद्योग, व्यवसाय

१. उद्यमशीलता प्रवर्द्धन मार्फत रोजगारीका अवसर श्रृजना गर्न स्टार्ट अप र नवप्रवर्तन सम्बन्धी नीति बनाइनेछ ।

२. नगर क्षेत्र भित्र सञ्चालित विभिन्न उद्योग व्यवसायमा नगरका युवाहरुलाई रोजगारीका अवसर उपलब्ध गराउन पहल गरिनेछ ।

३. नगर क्षेत्र भित्र सञ्चालित उत्कृष्ट उद्योगी व्यवसायीलाइ उनीहरुको योगदानको आधारमा पुरस्कृत गरिनेछ । साथै उत्पादकत्व वृद्धीका लागि सहलगानीका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

४. नगर क्षेत्र भित्र सञ्चालित विभिन्न उद्योग व्यवसायहरुको विवरण संकलन, व्यवस्थापन तथा अभिलेखीकरण गरिनेछ । साथै सबै वडाहरुमा औद्योगिक व्यापारिक तथ्याङ्क व्यवस्थापन प्रणाली लागु गरिनेछ ।

५. **'सीप सम्मेलन'** कार्यक्रमलाई निरन्तरता दिई स्थानीय सीप तथा रैथाने उत्पादनको संरक्षण एवं बजार प्रवर्द्धनको व्यवस्था मिलाइनेछ ।

६. नगर क्षेत्र भित्र रहेका नयाँ उद्यमीका लागि वजारीकरण सम्बन्धी क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।

७. स्थानीय उत्पादनको स्थायी बजार प्रर्बद्धनका लागि घरेलु तथा साना उद्योग संघ, उद्योग वाणिज्य संघ लगायतका व्यापारिक संघ संस्थासँग समन्वय र सहकार्य गरिनेछ ।

८. उद्योगी र व्यावसायीलाई **व्यवसायिक सामाजिक उत्तरदायित्व** निर्वाह गरी नगरपालिकाको समग्र विकासमा सहभागी हुन प्रेरित गरिनेछ ।

९. नगर क्षेत्रभित्रका डिपार्टमेन्टल स्टोर/मार्टहरुमा स्थानीय उत्पादन र अर्गानिक खाद्यबस्तु बिक्रि वितरणका लागि आवश्यक समन्वय गरिनेछ ।

१०. विद्यार्थी, महिला, गृहिणी, अपाङ्गता भएका, एसिड पीडित, एकल महिला, कुष्ठरोग प्रभावित, एचआइभि संक्रमित, अटिज्म भएका व्यक्ति, हिंसापीडित व्यक्ति तथा समूहहरुबाट भएका उत्पादनलाई विशेष प्राथमिकता दिइने एवं उपभोगकर्तालाई प्रोत्साहित गरिने नीति लिइनेछ ।

११. स्थानीय लघु, घरेलु तथा गृह श्रमिक मार्फत् उत्पादित औद्योगिक वस्तुहरुको प्रोत्साहन तथा बजार प्रवर्द्धनका लागि व्यवस्थित हाटबजारको प्रबन्ध गरिनेछ ।

१२. सीप सम्मेलन मार्फत् नियमित रूपमा स्थानीय सीप, क्षमताको उत्पादनलाई प्राथमिकता एंव बजार र व्यावसायिक सीपसँग सम्बन्धित पहुँच तथा सीप सिकाइको व्यवस्थापन गरिनेछ ।

१३. प्रविधि हस्तान्तरण र बिउ पूजी कार्यक्रमलाई थप प्रभावकारी बनाइ लक्षित समूहलाई व्यावसायिक सीप, स्थानीय उत्पादन तथा रोजगारमा अभिप्रेरित गरिनेछ ।

१४. महिलाहरु लक्षित व्यावसायिक सीप, ज्ञानमूलक कक्षा, अनुशिक्षण, नेतृत्व विकास कार्यक्रमलाई एकीकृत रूपमा नगरस्तरबाट सञ्चालन गरिनेछ ।

१५. नगर क्षेत्र भित्र विभिन्न उद्योग, व्यापार, व्यवसाय गरिरहेका, विभिन्न क्षेत्रमा रोजगारी सृजना गरिरहेका रोजगारदाताहरुलाई व्यवसायिक उन्नयनको लागि प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

१६. **पालिकाको उत्पादन पालिकामै** भन्ने नारा सहित पालिकाभित्र हुने कार्यक्रमहरुमा प्रयोग हुने खादा, माला, सल, गलबन्दी, दोसल्ला, कपडाको झोला आदि स्थानीय उत्पादनको मात्रै प्रयोग गर्ने नीति अवलम्बन गरिनेछ।

१७. **उद्यमी बनौं, रोजगार सृजना गरौं** भन्ने नारा सहित सञ्चालित **नगर उद्यमशीलता विकास कार्यक्रम**लाई थप प्रभावकारी बनाइनेछ । महिला

उद्यमशिलता विकासका लागि महिलाहरुको व्यावसायिक विकासमा विशेष जोड दिइनेछ ।

१८. ऊर्जा, यातायात, उद्योग, कला, सँस्कृति, पर्यटन लगायत व्यावसायिक क्षेत्रको सम्भाव्यता, प्रवर्द्धन र लगानी मैत्री वाताबरणको लागि विज्ञहरुसँग विभिन्न चरणमा **लगानी बैठक** गरिनेछ ।

१९. स्थानीय आर्थिक विकास (**LED**) प्रवर्द्धनका लागि नीतिगत एवं प्रणालीगत व्यवस्था गरिनेछ ।

## घ. सहकारी

१. सहकारी क्षेत्रलाई आमनगरबासीहरुको जीवनसँग आवद्ध गराई उद्यमशीलता प्रवर्द्धन मार्फत वेरोजगारी समस्याको न्यूनीकरणमा सहकारी परिचालित गरिनेछ ।

२. उत्पादन बजारीकरण तथा नवप्रवर्तनमा संलग्न सहकारी संस्थाहरुको प्रर्वद्धनका लागि प्राविधिक र वस्तुगत सहायता प्रदान गरी संस्थागत क्षमता अभिवृद्धि गर्दै त्यस्तो कार्यमा संलग्न हुन चाहने नगर भित्रका सहकारी संस्था मध्ये कम्तीमा दुई वटा सहकारी संस्थालाइ नमूना सहकारी संस्थाको रुपमा छनौट गरी सहकारी प्रवर्द्धनका थप कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

३. नगरको नियमन क्षेत्र भित्र रहेका सहकारी संस्थाहरुको संस्थागत क्षमता अभिवृद्धि गर्दै पूँजीको सही परिचालनमार्फत सदस्यहरुलाई उद्यमशीलता प्रवर्द्धनमा केन्द्रीत गर्न नियमित अनुगमन तथा मूल्यांकनको व्यवस्था गरिनेछ ।

४. सहकारी संस्थाको दर्ता, नवीकरण कार्यलाई विद्युतीय प्रणालीमा आबद्ध गरिनेछ ।

५. बचत तथा ऋणको कारोबार गर्ने सहकारीको जोखिम व्यवस्थापनका लागि अनुगमन संयन्त्र गठन गरी परिचालन गरिनेछ ।

६. सहकारी संस्थाहरुको संस्थागत मर्जर र क्षमता अभिवृद्धि गरी सेवा प्रवाहमा थप प्रभावकारिता ल्याउन सहकारी संस्थाहरुलाई एकीकरण गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ ।

७. संकटग्रस्त सहकारीलाई संघ, प्रदेशसंगको समन्वयमा प्रभावकारी व्यवस्थापनको लागि संस्थागत प्रबन्ध मिलाई सुधारका लागि विशेष पहल गरिनेछ ।

८. सहकारीहरुको अनुगमन कार्यलाई प्रभाबकारी र नतिजामूलक बनाउन प्रबिधिमैत्री प्रणाली अवलम्वन गरिनेछ ।

९. सहकारीकर्मीहरुलाई नतिजामूलक तालिम र प्रशिक्षणको माध्यमबाट दक्ष र कुशल बनाइनेछ ।

१०. सहकारीहरुको बचतलाई उत्पादनशिल तथा रोजगारमूलक व्यवसायमा लगानी गर्न उचित वातावरण मिलाइनेछ ।

## ङ. पर्यटन

१. नगरको पञ्चवर्षीय पर्यटन गुरुयोजनामा उल्लेख गरिएका पर्यटन पूर्वाधारका आयोजनाहरुलाई प्राथमिकता अनुसार क्रमागत रुपमा कार्यान्वयन गरिनेछ।

२. यो आर्थिक वर्ष उद्योग पर्यटन वर्ष भएको हुनाले नगरको पर्यटन प्रवर्द्धन तथा विकासको लागि प्राथमिकता दिइनेछ ।

३. आवश्यक स्थानहरुमा पर्या–पर्यटनलाई टेवा पुग्ने प्रकृतिका कार्यक्रमहरुलाइ प्राथमिकता दिई सञ्चालन गरिनेछ ।

४. वाह्य तथा आन्तरिक पर्यटकहरुलाई बुढानीलकण्ठ क्षेत्रमा रहेका पर्यटकीय गन्तव्यहरुको जानकारी गराउन तथा सहज पहुँचका लागि बुढानीलकण्ठ पर्यटन प्रोफाइल तयार गरिनेछ ।

५. **"एक वडा एक पर्यटन गन्तव्य"** को रुपमा पहिचान गरी आवश्यक पूवाधारको विकास गरिनेछ ।

६. निजी पर्यटन उद्योगीलाई आवश्यक पर्ने भौतिक पूर्वाधारको सहज उपलब्धताका लागि नीतिगत सहजीकरण गरिनेछ ।

७. बुढानीलकण्ठ आउने पर्यटकहरुको बसाइ दिन लम्व्याउन पर्यटन व्यवसायीहरुको सहकार्यमा कम्तिमा दुई दिनको पर्यटन भ्रमण प्याकेज निर्धारण गरी कार्यान्वयन गरिनेछ ।

८. अन्तर्राष्ट्रिय संघ संस्था एवम् वाह्य मुलुकका स्थानीय तहहरुसँग मित्रवत सम्बन्ध स्थापना गरी पर्यटकीय क्षेत्रको प्रचारप्रसार गरी बाह्य पर्यटन प्रर्वद्धन गर्न विभिन्न देशका स्थानीय तहसँग भगिनी सम्बन्ध विस्तार गरिनेछ ।

९. स्थानीय चाडपर्व, मेला, जात्रा, उत्सवहरुको संस्थागत व्यवस्थापन तथा खोजपूर्ण अभिलेखन गरिनेछ ।

१०. पर्यटन प्रवर्द्धन गर्नका लागि सार्वजनिक निजी साझेदारीको अवधारणा अनुसार आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

११. भौगोलिक, धार्मिक, सांस्कृतिक, प्राकृतिक, पौराणिक तथा विविध जातजातीय पहिचान भएका विषय तथा क्षेत्रहरूलाई पर्यटन गन्तव्यको रूपमा अध्ययन एवम् अभिलेखन गरिनेछ ।

१२. बुढानीलकण्ठ क्षेत्र विकास समितिको संस्थागत विकास गरी नगर क्षेत्र भित्र रहेका विभिन्न साँस्कृतिक तथा पुरातात्विक सम्पदाको उत्खनन, संरक्षण, सम्बद्र्धन एवं प्रवर्द्धन गरिनेछ ।

१३. बुढानीलकण्ठ मन्दिरलाई देशकै एक विशिष्ट धार्मिक पर्यटकीय केन्द्रको रुपमा विकास गर्न निम्न कार्य गरिनेछः

- मन्दिर वरपर सरसफाई, फूलप्रसाद व्यवसायी र गौशाला अन्यत्र स्थानान्तरण, सुविधाजनक सार्वजनिक शौचालय निर्माण, मन्दिरभित्रका स–साना संरचनाहरु हटाउने, सटरहरु सबै खाली गर्ने र पूर्णरुपमा रंगरोगन गर्ने ।

- पुरातात्विक महत्वका पुराना मूर्ति, आकृति, ढुंगेधारा, शिलालेखहरु खोजि गरी अभिलेखन गर्ने र तत् तत् स्थानमा स्थापित गर्ने वा महत्व झल्कने गरी प्रदर्शनीमा राख्ने ।
- बुढानीलकण्ठ मन्दिर क्षेत्रलाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्न आवश्यक तयारी गर्ने ।
- मन्दिर प्राङ्गणलाई खुल्ला, सफा र रंगरोगन गरी बोटविरुवा, फूल गमलाले सौन्दर्यिकरण गर्ने ।
- मन्दिर प्राङ्गणमा स्थानीय घरेलु तथा हस्तकलाका सामाग्रीहरुको प्रदर्शनीस्थल सहितको विक्री कक्ष राख्ने ।
- मन्दिर प्राङ्गणमा मन्दिरको तस्विर, ब्रोसर, स्टिकर, व्याच, पोष्टकार्ड, परिचय पुस्तिका सहितका सामग्रीहरुको प्रदर्शनीस्थल सहितको विक्री कक्षको व्यवस्थापन गर्ने ।
- मन्दिर प्राङ्गणमा निःशुल्क खानेपानी सेवा र भक्तजनहरु सुविधाजनक ढगंले बस्नसक्ने कलात्मक विश्रामस्थल व्यवस्थापन गर्ने ।
- अनावश्यक संरचनाहरु, पार्किङ, पसल, सडकपेटी अतिक्रमण हटाई, मन्दिर आसपास पूर्ण सरसफाई गर्ने ।

१४. डाँडागाउँ, चिसेनी, ठूलोगाउँ, तौलुङ, लिपीकोट, जगडोल, चुनिखेल लगायतका स्थानहरूमा व्यवस्थित परम्परागत घर आवास कार्यक्रम सञ्चालनका लागि प्रोत्साहन गरिनेछ ।

१५. अमूर्त साँस्कृतिक सम्पदा संरक्षण गर्न मौलिक संस्कृति, भेषभुषा, रितिरीवाज, आभूषण, सांस्कृतिक विशेषताहरुलाई एकैठाउँमा हेर्न, मनोरञ्जन लिन र सिक्न सकिने गरी **सांस्कृतिक संग्रहालय** स्थापना गरिनेछ ।

१६. होटल व्यवसायमा आवश्यक पर्ने दक्ष कामदारका लागि कुक, वेटर, हाउस किपिंग, गार्डेनिंग जस्ता विषयमा तालिम सञ्चालन गरिनेछ ।

१७. साहसिक साइक्लिङ, रक क्लाइम्बिङ्ग, जिप फ्लाइङ जस्ता साहसिक खेल पर्यटन प्रवर्द्धनलाई प्रोत्साहन गरिनेछ ।

१८. पदयात्रा, साइकल मार्ग, हेर्नलायकका अग्ला पहाड, भीर, नदीनाला, मठमन्दिर, गुम्बा, रैथाने सांस्कृतिक वस्ती, होमस्टे, होटलव्यवसाय र तिनको भौगोलिक अवस्था, पहुँच मार्ग, अवधि आदि सबैको संक्षिप्त विवरण र तस्वीर समेत उल्लेख गरी पर्यटकका लागि Root Map सहितको हातेपुस्तिका प्रकाशन गरी वितरण गरिनेछ ।

१९. एकै भाषा, संस्कृति भएका वस्तीहरुमध्ये सम्भावना भएको स्थानलाई एकैखालको घरको स्वरूप, कलात्मक गल्ली तथा चोक बनाउने अभियानमा एकरुपता ल्याई सम्पदावस्तीको रूपमा विकास गर्न प्रोत्साहित गरिनेछ ।

२०. सार्वजनिक सडक, वस्ती, खोलानाला, पार्क तथा खुल्ला स्थानहरुको सरसफाई गरी हरियाली बनाइनेछ ।

२१. पर्यटन वर्ष २०८१/०८२ नगरपालिकाको ब्राण्डिङको वर्ष हुनेछ । पर्यटनसँग सम्बन्धित उद्योग, होटल, व्यवसायीहरुलाई आफ्नो भौगोलिक तथा भौतिक स्वरूपमा बुढानीलकण्ठको ब्राण्डिङ हुनेगरी सौन्दर्यकरण गर्न आव्हान गरिनेछ ।

२२. नगरभित्रका होटल, रिसोर्ट, रेष्टुरेण्ट तथा होमस्टेको लगत अद्यावधिक एवं नियमन गरी पर्यटकलाई अर्गानिक एवं स्वस्थ खानेकुरा खुवाउन प्रोत्साहन गरिनेछ ।

२३. विभिन्न स्थानमा घरेलु तथा हस्तकलाका कलात्मक सामग्रीहरुको प्रदर्शनी सहितको विक्रिस्थल स्थापना गरिनेछ ।

२४. जगडोलदेखि अल्टिमेट भ्यु प्वाइन्टसम्मको पदमार्ग स्तरोन्नति (सिंढी, रेस्ट सेड, पानीको धारा, शौचालय) गरिनेछ ।

२५. डाँडागाउँ, ठूलोगाउँ, चिसेनी, तौलुङ लगायतका हरियाली डाँडाहरुमा अवस्थित स्थानलाई **ईको टुरिज्म भिलेज**का रूपमा विकास गर्न सरोकारवाला, स्थानीय नागरिक, विज्ञ तथा पर्यटन सम्बद्ध निकायहरुसँग समन्वय र सहकार्य गरिनेछ ।

२६. **"भ्रमणले सोच फराकिलो पार्दछ (Travel Broadens The Mind)"** भन्ने भनाइलाई गराइमा परिणत गर्न जनप्रतिनिधि र कर्मचारीहरुलाई महत्वपूर्ण पर्यटकीय स्थलहरुको भ्रमण कार्यक्रम सञ्चालन गरिनेछ ।

२७. पर्यटन संस्कृतिलाई जोड्न र प्रवर्द्धन गर्न काठमाडौं महानगर, टोखा, गोकर्णेश्वर, तारकेश्वर, कागेश्वरी मनोहरा नगरपालिकाबीच आपसी समन्वय एवं सहकार्य गरिनेछ ।

२८. नगर क्षेत्र भित्रका पर्यटकीय सम्भाव्यताका विषयमा प्रतिस्पर्धात्मक भिडियो च्यालेन्ज प्रतियोगिता सञ्चालन गरिनेछ ।

२९. पर्यटन प्रवर्द्धनका लागि नगरपालिकाका विशेष पर्यटकीय स्थलहरुः बुढानीलकण्ठ मन्दिर, कपन गुम्बा, फुलारी गुम्बा, जगडोल, झण्डा पार्क, जामछेन स्तुपा, डाँडागाउँ, चिसेनी, धरमपुर, नौलिन भद्रकाली, खड्ग भद्रकाली, चपली, तौलुगं पञ्चकन्या, वासिक, चुनिखेल, टुपेक लगायत विभिन्न स्थानमा पर्यटकीय सूचना बोर्डहरु राखिनेछ र यी स्थानहरुको विशेष प्रवर्द्धन गरिनेछ ।

३०. वडा नं ५ स्थित डाँडागाँउमा **Sunset View Point** तथा विश्राम स्थल निर्माण गरिनेछ ।

३१. पर्यटकीय सवारी साधनका लागि बुढानीलकण्ठ मन्दिर आसपास व्यवस्थित पार्किङ्गको व्यवस्था मिलाई नगर क्षेत्रका विभिन्न स्थानमा सुविधा सम्पन्न पर्यटन बसपार्क निर्माणको सम्भाव्यता अध्ययन गरिनेछ ।

३२. वडा नं. ३ मा रहेको कोसेली घर सञ्चालनमा ल्याइनेछ ।

## ४. वन, वातावरण तथा विपद् व्यवस्थापन

### क. वन, वातावरण तथा विपद् व्यवस्थापन

१. नगरपालिकाको कुनै पनि स्थानमा खुल्ला आगो (**Open Fire**) बाल्न प्रतिवन्ध लगाइनेछ ।

२. शिवपुरी राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्रको वन व्यवस्थापन र दिगो पर्यावरणीय संरक्षणका लागि आवश्यक नीति तथा कानून बनाई कार्यान्वयन गरिनेछ ।

३. मुख्य सडकलाई सरसफाई तथा हरियालीका लागि सडकका दुबै किनारा, सार्वजनिक पार्कहरुमा वृक्षारोपण तथा बोटविरुवाको संरक्षण गर्ने नीति लिइनेछ ।

४. सार्वजनिक खुल्ला जमिनमा विभिन्न जातका फलफूलका बिरुवा रोप्ने कार्यक्रम अभियानका रुपमा सञ्चालन गरिनेछ ।

५. शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जसँगको समन्वय र सहकार्यमा देहायका कार्यक्रमलाई प्राथमिकताका साथ सञ्चालन गरिनेछः

- शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज क्षेत्रभित्र पाइने विभिन्न प्रजातिका चराचुरुङ्गी र पुतलीहरुको विशेष संरक्षणका लागि निकुञ्ज क्षेत्रलाई चरा, पुतलीहरुको प्राकृतिक संग्रहालयको रूपमा घोषणा गरिनेछ ।
- शिवपुरी निकुञ्जक्षेत्रमा वन, बन्यजन्तु, चरा, पुतली, पानीको मुहान, बोटविरुवा र जडिवुटीका विषयमा खोज अनुसन्धान, अध्ययन, अवलोकन गर्न आउने स्वदेशी तथा विदेशीलाई प्रोत्साहन, नियमन तथा अभिलेखन गरिनेछ। अध्ययन अनुसन्धानको लागि स्वीकृति लिई सो को प्रतिवेदन अनिवार्य रुपमा पेश गर्नु पर्ने नीति लिइनेछ ।
- शिवपुरी राष्ट्रिय निकुञ्जभित्र पर्यटक लक्षित पदमार्गको व्यवस्थापन, मर्मतसम्भार गरिनेछ । आवश्यकता तथा स्थान विशेष महत्वको आधारमा वातावरणीय मैत्री विश्रामस्थलहरु, सार्वजनिक शौचालय र भ्यूज डेस्कहरु निर्माण गरि पर्यटकहरुलाई आकर्षित गरिनेछ ।
- शिवपुरी राष्ट्रिय निकुञ्जभित्रको आकर्षक पर्यटकीय गन्तव्य शिवपुरी हाइटको मन्दिर, बागद्वार, विष्णुद्वार र नागी गुम्बालाई आकर्षक सौन्दर्यकरण सहितको आवश्यक व्यवस्थापन गरिनेछ ।
- निकुञ्जभित्रको खानेपानी मुहानहरुको संरक्षण, बन बुटयान र प्राकृतिक वातावरणको संरक्षणमा विशेष जोड दिइनेछ ।

- निकुञ्जसँगको सहकार्यमा पर्यटकहरुको सुविधा तथा आकर्षणका लागि हलुका सवारी साधनको व्यवस्थापन, जंगलभित्र जिप सफारी, विभिन्न माइलस्टोन पेन्टिङ, ठूला ठूला चट्टानहरुमाथि मूर्ति तथा चित्रकला, नेचुरल गाईडको व्यवस्थापन, सिसिक्यामेराको व्यवस्थापन लगायतका विषयमा सम्भाव्यता एवम् कार्यान्वयनका विषयहरु अगाडि वढाइनेछ ।
- निकुञ्जमा पर्यटक प्रवेश शुल्कको पुनरावलोकन एवम् उचित व्यवस्थापन सहित पारदर्शी नीति अवलम्बन गरिनेछ र निकुञ्ज क्षेत्र पूर्ण रुपमा प्लाष्टिक निषेधित क्षेत्र घोषणा गरिनेछ ।

६. नागरिक सहभागितामा **"बुढानीलकण्ठ नगर हरियाली शहर"** अभियान सञ्चालन गरिनेछ ।

७. नगरबासीलाइ कपडा र कागजको झोला प्रयोगका लागि प्रोत्साहन गरी प्लाष्टिक प्रयोगलाई निरुत्साहित गर्ने नीतिलाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ ।

८. सार्वजनिक पार्कहरुको दिगो संरक्षण र व्यवस्थापन गर्न न्यूनतम शुल्क निर्धारण गरी कार्यान्वयनमा ल्याइनेछ ।

९. नदीनाला सफा राख्ने अभियानको रुपमा सञ्चालन गरिदै आएको धोबिखोला रुद्रमती, विष्णुमती, च्यानेखोला, लुडेखोला लगायत नदीनालाहरुको सरसफाई सम्बन्धी कार्य व्यवस्थित गरिनेछ ।

१०. पर्यावरणीय दिवसका अवसरमा सञ्चालन हुँदै आएका वातावरणीय सचेतना तथा वातावरणमैत्री कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ ।

११. नगर प्रहरी, नगर युवा परिषद् र नगर स्काउटलाई वातावरणीय सचेतनाका लागि परिचालन गरिनेछ ।

१२. दिगो विकासका लक्ष्य स्थानीयकरण गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

१३. नगर क्षेत्र भित्र सञ्चालित उद्योग व्यवसायले प्रदुषण सम्बन्धी मापदण्ड पालना गरी सञ्चालन गरे नगरेको विषयमा अनुगमन गरिनेछ ।

## ख. फोहोरमैला व्यवस्थापन

१. फोहोरलाई पुनः प्रयोग र प्रशोधन गर्न श्रोतमा नै वर्गिकरण गर्ने व्यवस्था मिलाइनेछ । कुहिने फोहोरलाई घरमै मल बनाउन नगरबासीहरुका लागि आवश्यक सहुलियतको व्यवस्था मिलाइनेछ ।

२. नगर क्षेत्र भित्रका फोहोर नगरपालिकामै व्यवस्थापन गर्ने नीति अवलम्बन गरिनेछ ।

३. वृहत नगर सरसफाइ अभियान सञ्चालन गरी नगरपालिकाका जनप्रतिनिधि, कर्मचारी, टोल विकास समिति, महिला सञ्जाल, युवा क्लब लगायतका संघ संस्था र आम नगरबासीहरुको सहभागितामा सरसफाइ अभियान सञ्चालन गरिनेछ ।

४. फोहोरमैला व्यवस्थापनमा संलग्न निजी तथा संस्थागत समूहहरुसँगको साझेदारीमा फोहोरको वर्गीकरण, कम्पोष्ट मल, गड्यौला मल निर्माण, कम्पोष्ट विनको प्रयोग, फोहोरको गन्ध नियन्त्रण, पून:प्रयोग गर्न सकिने वस्तुहरुको प्रशोधन तथा पूनः उत्पादनलाई प्रोत्साहन गरिनेछ ।

५. खोलानाला, पार्क, सडक तथा सार्वजनिक स्थलमा फोहोर नफाल्नरनगर्न सूचनाबोर्ड एवं सिसिटिभि क्यामेरा जडान गर्ने। फाहोर फालिएको देखिएमा तत्काल सोही स्थानमा जरिवाना तथा कारवाही गर्ने नीति लिइनेछ ।

६. नकुहिने फोहोरको पूर्ण निस्तेज गराउन सक्ने मेशिनको प्रयोग, उपलब्धता तथा सम्भाव्यताको खोजी गरिनेछ ।

७. **"मेरो फोहोर मेरै व्यवस्थापन"** भन्ने अभियानलाई सघन रुपमा सञ्चालन गरिनेछ ।

८. प्रविधिमा आधारित फोहरमैला व्यवस्थापन प्रणाली उपयोग गरी नगरको फोहरमैलाको दिगो व्यवस्थापन गरिनेछ ।

९. नगर क्षेत्रभित्रको फोहरमैलाको दिगो व्यवस्थापनका लागि फोहोर संकलन, ढुवानी र रुपान्तरण प्रतिस्पर्धात्मक बिधिबाट हुने व्यवस्था गरिनेछ ।

१०. वातावरण संरक्षण र प्रवर्द्धनका लागि बैज्ञानिक उपाय अवलम्बन गर्नुका साथै सम्मानित सर्बोच्च अदालतबाट भएका निर्देशनात्मक आदेश कानून बनाई लागु गरिनेछ ।

११. नगर क्षेत्र भित्रको खोला, जमिन, बायु र ध्वनि प्रदुषण नियन्त्रण गरी स्वच्छ बातावरण प्रवर्द्धन गर्न आवश्यक कार्यक्रम बनाई सञ्चालन गरिनेछ ।

१२. सार्वजनिक जग्गा, नदी किनार, सरकारी कार्यालय परिसरमा वृक्षारोपण गर्ने कार्यलाई अभियानको रुपमा निरन्तरता दिइनेछ ।

१३. आवश्यकतानुसार फोहोरमैला सङ्कलन केन्द्र (**Collection Centre**) को उचित व्यवस्थापन गरिनेछ ।

१४. फोहोरमैला व्यवस्थापनमा संलग्न श्रमिकहरुको नगर अस्पतालमा नियमित स्वास्थ्य जाँचको व्यवस्था मिलाइनेछ ।

१५. फोहोरमैला व्यवस्थापनका लागि सार्वजनिक निजी साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ ।

१६. विद्युतीय प्रविधि (**QR Code**) मार्फत फोहरमैला तथा अन्य विषयसंग सम्बन्धित नागरिकहरुका गुनासो सम्बोधन गर्ने व्यवस्था मिलाइनेछ ।

## ग. विपद् व्यवस्थापन

१. विपद् उत्थानशिलता कार्ययोजना निर्माण गरि कार्यान्वयनमा ल्याइनेछ ।

२. नगरपालिकाको आपतकालीन कार्य सञ्चालन केन्द्रलाई साधन श्रोत सम्पन्न बनाइ प्रभावकारी रुपमा सञ्चालनमा ल्याइनेछ।

३. भौतिक पूर्वाधार निर्माणमा जोखिम विश्लेषण अनिवार्य गरी कार्यान्वयनमा ल्याइनेछ।

४. मनसुनी विपद्को पूर्व तयारी तथा प्रतिकार्यका लागि आवश्यक विपद् सामग्री पर्याप्त मात्रामा मौज्दात राख्ने एवं एकद्धार प्रणाली मार्फत तत्काल प्रयोग गर्न सकिने व्वयस्था मिलाइने छ ।

५. प्रत्येक वडामा RRT (**Rapid Response Team/QRT (Qujick Response Team**) गठन गरिने छ र सोही बमोजिम विपद् व्यवस्थापन कार्यमा तत्काल खट्ने गरी तयारी अवस्थामा राख्ने व्यवस्था मिलाइनेछ ।

६. विपद् व्यवस्थापनका लागि एम्बुलेन्स, दमकल सेवालाई प्रभावकारी र सुव्यवस्थित रुपमा सञ्चालन गरिने छ ।

७. नगर प्रहरी, स्वयंसेवक, स्काउट तथा युवालाई विपद व्यवस्थापन सम्बन्धी आधुनिक तालिम प्रदान गरी आवश्यकता अनुसार रुपमा परिचालन गरिनेछ।

८. विद्यालयहरुमा विपद व्यवस्थापन चक्र सम्बन्धी अभिमुखीकरण गरिनेछ ।

९. विपद व्यवस्थापनका लागि नेपाल रेडक्रस लगायतका स्वयंसेवी संस्थाहरुसंग गरिदै आएको सहकार्य र समन्वय प्रभावकारी एवम् परिणाममूखी बनाइनेछ ।

१०. विपद व्यवस्थापन सम्बन्धी **बुढानीलकण्ठ विपद एप्स** प्रयोगमा ल्याइनेछ ।

## घ. भु–उपयोग तथा प्राकृतिक संरचना संरक्षण

१. सार्वजनिक जमिन दोहन गरी भु–संरचना परिवर्तन गर्ने, जथाभावी प्राकृतिक संरचनालाई क्षति पुऱ्याउने कार्यलाई निरुत्साहित गरी सार्वजनिक जग्गा संरक्षण गर्ने कार्यलाई प्रोत्साहित गरिनेछ ।

२. संघीय सरकारको नीति बमोजिम अव्यवस्थित बसोबास तथा सुकुम्बासीहरुको उचित व्यवस्थापन गरिनेछ ।

३. फोहोरमैला व्यवस्थापन, सोलार ऊर्जा र शिवपुरी जलाधार क्षेत्रको आवश्यक व्यवस्थापनका लागि जि.टु.जि. मोडलमा कार्य गर्ने गरी संघ तथा प्रदेश सरकारसँग समन्वय गरिनेछ ।

४. विभिन्न क्षेत्रका अव्यवस्थित रुपमा बसोवास गरेका बसोवासी, भूमिहिन, सुकुम्बासी तथा सिमान्तकृत समुदायलाई व्यवस्थित बसोवासका लागि संघ तथा प्रदेश सरकार र राष्ट्रिय भूमि आयोगसँग समन्वयात्मक पहल गरिने छ ।

# ५. सुशासन तथा संस्थागत विकास

## क. मानव स्रोत व्यवस्थापन

१. सेवा प्रवाहको हरेक चरणमा प्रविधि उपयोग तथा विस्तार गरी सेवा प्रवाह सरलीकरण गर्दै सेवाहरुलाई प्रथम चरणमा कम्प्युटर प्रविधिमा आधारित र दोश्रो चरणमा इन्टरनेटमा आधारित **Digital Demand, Digitally Serve** को नीति अवलम्बन गरिनेछ ।

२. **File Tracking System** बनाई सेवाग्राहीको काम स्वचालित रुपमा सम्पन्न गर्ने व्यवस्था मिलाइनेछ ।

३. सेवामा नागरिकको अधिकार स्थापित गर्न क्षतिपूर्ति सहितको नागरिक वडापत्र लागु गर्न सम्भाव्यता अध्ययन गरिनेछ ।

४. नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत एवम् प्रमुख प्रशासकीय अधिकृत र महाशाखा प्रमुखबीच गरिने करार सम्झौतालाई थप व्यवस्थित गरिनेछ।

५. कार्य विवरणको आधारमा कार्य सम्पादन सूचक र सूचकका आधारमा वस्तुगत रुपमा कर्मचारीहरूको कार्य सम्पादन मूल्याङ्कन गरी सोको आधारमा पुरस्कार र दण्डको व्यवस्था गरिनेछ ।

६. स्थानीय तहको संस्थागत सुशासन तथा सेवा प्रवाहमा भैरहेको असल अभ्यासहरुको अध्ययन, अवलोकन तथा अनुभव आदान प्रदान गरी नगरपालिकाबाट प्रवाह हुने सेवालाई जनमैत्री बनाइनेछ ।

७. नगरपालिका र सबै वडा कार्यालय, स्वास्थ्य चौकी, नगर अस्पताल र विद्यालयहरूमा अनिवार्य उजुरी पेटिका राख्ने र सोको उचित सम्बोधन गर्ने व्यवस्था मिलाइनेछ ।

८. हेल्लो बुढानीलकण्ठ डेस्कमार्फत् आम नगरवासीलाई सुसूचित हुन पाउने अधिकारको सुनिश्चितता प्रदान गर्दै प्राप्त गुनासाहरूको यथाशीघ्र सुनुवाई हुने व्यवस्था मिलाईनेछ ।

९. नगरपालिकाबाट प्रवाह गरिने सेवालाई प्रभावकारी बनाउँदै जनप्रतिनिधि र कर्मचारीलाई नागरिकप्रति जिम्मेवार र जवाफदेही बनाइनेछ ।

१०. अनलाइन मार्फत प्रत्येक महिना सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गरिनेछ ।

११. आयोजना तथा कार्यक्रमहरुको सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, तेश्रो पक्ष मूल्याङ्कन जस्ता कार्यहरुबाट पारदर्शिता कायम गरी स्थानीय सुशासन प्रवर्द्धन गरिनेछ ।

१२. जनप्रतिनिधि र कर्मचारीहरुको क्षमता अभिबृद्धिका लागि प्रशिक्षक अभिमुखीकरणको व्यवस्था गरिनेछ ।

१३. मुख्य प्रशासनिक भवनभित्र सार्वजनिक सेवा सञ्चालन कक्ष सञ्चालनमा ल्याईनेछ ।

१४. कम्तीमा **एक प्रदेश एक स्थानीय तह एक भगीनी** सम्बन्ध नीति कायम गरी अन्तरपालिका सम्बन्ध विस्तार गरिनेछ ।

१५. संविधान प्रद्धत्त अधिकार कार्यान्वयनका लागि आवश्यकता अनुसार नीति तथा कानून तर्जुमा गरिनेछ । विद्यमान नीति तथा कानूनहरु आवश्यकता अनुसार संशोधन, परिमार्जन तथा पूर्नलेखन गरिनेछ ।

१६. स्थानीय सरकार सञ्चालनका अभ्यास र अनुभव आदान प्रदान गरी नगरको शासन प्रणाली मजबुत बनाउन फरक पहिचान भएका देश तथा विदेशका स्थानीय तहहरुसँग मित्रवत सम्बन्ध स्थापना गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१७. नगरपालिकाले विभिन्न विषयको अध्ययन, अनुसन्धान र नवप्रवर्तनलाई प्राथमिकता दिई अध्ययन, अनुसन्धानबाट प्राप्त प्रतिवेदनको क्रमशः कार्यान्वयन गर्दै लगिनेछ ।

१८. नागरिकको जनजिवीकासँग सम्बन्धित बजार, विद्यालय, व्यवसाय दर्ता र सञ्चालन, घर निर्माण, सार्वजनिक जग्गा, साँध सिमाना, इन्धन, डिपो, होटल, डेरी, मासु पसल, औषधी पसल लगायत क्षेत्रहरुको प्रभावकारी र नतिजामूखी अनुगमनका लागी नगर प्रहरीको नियमनकारी भूमिकालाइ प्रभावकारी बनाइ जिम्मेवार र जवाफदेही वनाइनेछ ।

१९. नगरप्रहरीलाई आवश्यक शान्ति, सुरक्षा, विपद् कार्य तथा प्रतिकार्य, आपत्कालीन घटना व्यवस्थापन सम्बन्धी तालिम दिइनेछ ।

२०. वडा तथा नगरपालिकाबाट सञ्चालन गरिने तालिमहरु एकद्वार प्रणालीबाट सञ्चालन गर्न तालिम प्रतिष्ठान गठन गरी तालिमका लागि सुविधासम्पन्न भवन निर्माण गरिनेछ ।

२१. दोश्रो आवधिक योजना निर्माण कार्य तत्काल थालिनेछ ।

२२. नगरपालिका र वडा कार्यालयको नागरिक वडापत्रलाई प्रविधिमा आधारित बनाइनेछ ।

२३. सूचकका आधारमा वडाको कार्यसम्पादन मूल्याकंन गरी उत्कृष्ट वडा र वडा समितिका पदाधिकारीलाई पुरस्कृत गरिनेछ ।

२४. वेरुजु न्यूनीकरण कार्यलाई निरन्तरता दिई विगतका वेरुजुहरु सच्याउन विशेष पहल गरिनेछ । आ.व. २०८१/०८२ लाई शुन्य वेरुजु अभियान वर्षका रुपमा सञ्चालन गरिनेछ ।

२५. विनियोजित बजेट खर्च गर्दा संघ, प्रदेश र पालिकाका कानूनको प्रभावकारी रुपमा कायान्वयन गर्दै आन्तरिक नियन्त्रण प्रणालीलाई थप प्रभावकारी बनाइनेछ ।

## ख. सूचना प्रविधि तथा सञ्चार

१. नगरपालिकाको मुख्य प्रशासनिक भवन तथा सबै वडा कार्यालयबाट प्रवाह हुने सेवामा सूचना तथा सञ्चार प्रविधिको उच्चतम उपयोग गरी विद्युतीय सुशासन प्रवर्द्धन गरिनेछ ।

२. डिजिटल अर्बान सेक्युरिटी सिस्टमका लागि सिसिटिभि जडान बिस्तार गरिनेछ ।

३. नगरपालिकाभित्रका सबै स्थायी संरचनाको (भवन, पार्क, खुल्ला स्थान लगायत) को तथ्याङ्क एकिकृत रुपमा डिजिटल अभिलेख राखिनेछ ।

४. नागरिकको सहजताको लागि ए. आईमा आधारित नगरपालिका सेवा च्याट बटको विकास तथा प्रयोगमा ल्याइनेछ

५. अनलाइन प्रणाली मार्फत गरिदै आएको राजस्व सहित सबै प्रकारको भुक्तानीलाई थप प्रभावकारी र व्यवस्थित बनाइनेछ ।

६. **MIS System** थप प्रभावकारी बनाइ सो प्रणालीमा सबै कर्मचारीलाई सहज बनाउनेगरी प्रविधिमैत्री तालिम दिइनेछ ।

७. हेल्लो बुढानीलकण्ठ कक्ष, श्रम डेस्कको सञ्चालन थप स्तरीकरण र व्यवस्थित गरिनेछ ।

८. विद्यालयमा प्रविधि शिक्षा, शिक्षालयहरुको अभिलेख, संघसंस्थाहरुको अभिलेख, योजना सम्झौता तथा अनुगमन, न्यायिक समितिको काम कारवाही एवम् विवरणको प्रभावकारी रुपमा डिजिटलाइज्ड गरिनेछ ।

९. श्रम बजार तथा रोजगार व्यवस्थापनको पोर्टल थप प्रभावकारी बनाइनेछ ।

१०. विभिन्न क्षेत्रका सक्रिय सञ्चारकर्मीहरु सम्मिलित सञ्चारग्रामको व्यवस्थापन गरिनेछ । स्थानीय श्रमजीवी सञ्चारकर्मीहरुलाई आवश्यकतानुसार तालिम तथा अध्ययन, अनुसन्धानमा सहभागी गराइनेछ ।

११. सञ्चारकर्मीहरुको व्यावसायिक दक्षता अभिवृद्धि तथा पेशागत सुरक्षा ध्यानमा राखी सरोकारवाला पक्षहरुसँग समन्वय गरी क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ । साथै सञ्चार माध्यमहरुको कार्य सम्पादन र प्रभावकारीताको आधारमा साझेदारीको नीति अवलम्बन गरिनेछ ।

१२. नगरपालिका र यस अन्तर्गतका कार्यालयको वेभसाइट, न्यूजपोर्टल र सामाजिक सञ्जाललाई रचनात्मक, अन्तरक्रियात्मक एवं क्रियाशील बनाइनेछ ।

१३. नगरपालिकाको कार्यालयसँग वडा कार्यालय, सामुदायिक बिद्यालय, स्वास्थ्य कार्यालयहरुबाट भएका कृयाकलापहरुको लेखांकन, खर्च अभिलेख र तथ्यांकमा सफ्टवेयरको माध्यमबाट व्यवस्थित गरिनेछ ।

१४. साईबर क्राईमको विषयमा जागरण, सचेतना र नियन्त्रणको लागि आवश्यक नीति ल्याईनेछ ।

## ६. न्यायिक समिति

१. न्यायिक समिति तथा मेलमिलाप केन्द्रको विषयमा आम नागरिकलाई सुसूचित गर्न तथा नगरवासीको सरल, सहज पहुँचको लागि **'नागरिकसँग न्यायिक समिति'** कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

२. न्यायिक कार्यसम्पादनलाई विश्वसनीय, प्रभावकारी र जवाफदेही बनाउन छिटोछरितो सेवा र सेवा प्रविधिमैत्री बनाइनेछ ।

३. **अन्तरिम संरक्षणात्मक आदेश कार्यान्वयन कोष**को स्थापना गरी असहाय, बेसहारा अभिभावकविहिन तथा विपन्नलाई संरक्षण तथा कानूनी सहायता प्रदान गरिनेछ ।

४. जनप्रतिनिधि, कर्मचारी एवं लक्षित समुदायबीच न्यायिक समिति तथा मेलमिलापसम्बन्धी कानूनी सचेतना कार्यक्रम गरिनेछ ।

५. बहिरा (अपाङ्गता) को हकमा न्यायिक कार्य सम्पादनका क्रममा दोभाषेको माध्यम उपयोग गरिनेछ ।

६. मेलमिलापकर्तालाई पुनर्ताजगी तालिम र कामको रिपोर्टिङ, प्रगति प्रतिवेदन, अभिलेखनको व्यवस्थापन गरिनेछ ।

७. कानूनका विद्यार्थीलाई न्यायिक कार्यसम्पादन सम्बन्धमा इन्टर्नशीपको व्यवस्था गरिनेछ ।

८. नगरपालिका प्रशासनिक भवनमा नगरस्तरीय मेलमिलाप केन्द्रको व्यवस्था गरिनेछ ।

९. न्यायिक समिति सञ्चालन तथा वडा मेलमिलाप केन्द्र सञ्चालनसम्बन्धी कानुनको पुनरावलोकन तथा संशोधन गरिनेछ । साथै न्यायिक समिति र मेलमिलाप केन्द्रले हेर्नुपर्ने मुद्दाको कार्यविधि (म्यानुअल) बनाइनेछ ।

१०. पालिकाहरु बीच न्यायिक कामको सहकार्य तथा असल अभ्यासको आदानप्रदान गरिनेछ ।

११. न्यायिक कार्य सम्पादनका क्रममा बयान लिन, बकपत्र गर्न, घटनाप्रति आस्था जगाएर विश्वस्त प्रमाणहरु संकलन गर्न खोलिएको **'न्यायिक सूचना तथा सञ्चार सेवा'** व्यवस्थापनलाई थप प्रभावकारी बनाइनेछ ।

१२. नयाँ ऐन तथा कानून निर्माण तथा कार्यान्वयनका लागि जनप्रतिनिधि तथा कर्मचारीलाई तालिमको व्यवस्था गरिनेछ ।

## ७. राजश्व व्यवस्थापन

१. राजस्व व्यवस्थापनमा वैज्ञानिक तथा प्रगतिशील कर प्रणाली अवलम्बन गरिनेछ।

२. करदाताहरूको विद्युतीय लगत राख्न एकीकृत तथ्याङ्क सङ्कलन गर्ने व्यवस्था मिलाइनेछ।

३. विद्युतीय राजस्व सङ्कलन प्रणालीलाई थप व्यवस्थित गर्दै लगिनेछ।

४. राजस्व प्रशासनलाई प्रभावकारी, पारदर्शी, वैज्ञानिक, प्रविधिमैत्री तथा करदातामैत्री बनाउन आवश्यक प्रबन्ध मिलाइनेछ।

५. नगरपालिकाको आय वृद्धि गर्ने सम्भावना भएका नयाँ क्षेत्र तथा स्रोतहरूको पहिचान गरी करको दायरा विस्तार गरिनेछ।

६. सहरको सौन्दर्यलाई ध्यानमा राखी कानुन बनाई विज्ञापन करलाई थप व्यवस्थित गरिनेछ।

७. धारा, बिजुली जडान गर्ने, बैङ्क तथा वित्तिय संस्थाहरूमा कारोबार गर्ने, मालपोत कार्यालयमा घरजग्गा पास गर्ने लगायतका कार्यहरू गर्दा नगरपालिकामा बुझाउनुपर्ने सम्बन्धित करहरू (सम्पत्ति कर, भूमिकर, बहाल कर, व्यवसाय कर, विज्ञापन कर आदि।) चुक्ता गरेको प्रमाण पेश गराउने व्यवस्था गर्नको लागि सम्बन्धित निकायहरूसँग समन्वय गरिनेछ।

८. नगरपालिकाबाट प्रवाह गरिने सेवाका लागि सम्बन्धित करदाताले अनिवार्य रूपमा गत वर्षको कर चुक्ता गरेको प्रमाण पेश गर्नुपर्ने व्यवस्था मिलाइनेछ।

९. आवश्यकतानुसार राजस्व सङ्कलन तथा अनुगमन गर्नका लागि टोली गठन गरी परिचालन गरिनेछ।

१०. राजस्व छली तथा चुहावटका विषयमा कडाइ साथ नियमन र नियन्त्रण गरिनेछ।

११. कर सम्बन्धी जागरण अभिवृद्धि गर्न करदाता शिक्षा तथा सचेतना कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१२. करदातालाई नगरपालिकामा तिर्नुपर्ने करको विषयमा कुनै द्विविधा तथा असहजता भएमा प्रत्यक्ष सम्पर्क गरी गुनासो सुन्ने, आवश्यक सूचना उपलब्ध गराउने र कर बुझाउन सहजीकरण गर्ने जस्ता कार्यका लागि करदाता सहायता कक्ष सञ्चालनलाई निरन्तरता दिइनेछ।

१३. करको वर्गीकरणसँगै करदाताको वर्गीकरण गरी उत्कृष्ट र ईमान्दार करदातालाई प्रोत्साहन गरिनेछ।

१४. नगरपालिकाभित्र बसोबास गर्ने राजस्व सम्बन्धी विषयमा विज्ञ र जानकार व्यक्तिहरूको रोस्टर बनाई राजस्व व्यवस्थापनका लागि परिचालन गर्न आवश्यक प्रबन्ध मिलाइनेछ।

१५. नगरपालिकाको राजस्व सम्बन्धी मौजुदा कानुनहरूको पुनरावलोकन गरिनेछ।

१६. राजस्व भुक्तानि प्रकृया पारदर्शी र सरलीकरण गरी करको दायरा बढाउदै कर तिर्न प्रोत्साहन गर्ने नीति कार्यान्वयन गरिनेछ ।

१७. कर चुहावटको सूचना दिने व्यक्तिलाई पुरस्कारको व्यवस्था गरिनेछ ।

१८. अग्रीम कर लिने नीतिको सम्भाव्यता अध्ययन गरिनेछ ।

१९. धोबीखोला, विष्णुमति खोला लगायत नदिहरुमा जम्मा हुने बालुवा अनाधिकृत रुपमा उत्खनन एवम् सङ्कलन गरी बिक्री वितरण गरिने कार्यलाई नियन्त्रण गरिने छ । खोलाबाट ढुङ्गा, गिट्टी, वालुवा आदि प्राकृतिक श्रोत परिचालनका लागि प्रारम्भिक वातावरण परीक्षणलाई अनिवार्य गर्ने व्यवस्थालाई थप प्रभावकारी बनाइनेछ ।

२०. पालिका र वडागत रुपमा राजस्व सङ्कलन प्रकृयामा अनुगमन गरी चुहावट नियन्त्रण गर्न राजस्व प्रशासनलाई प्रभावकारी बनाइने छ ।

***